१५औं वार्षिक प्रतिवेदन
15th Annual Report

आ.व. २०८१/२०८२
F.Y. 2081/2082

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

संचालक समिति

श्री चुडामणि चापागाईं
अध्यक्ष

श्री शरद निरौला
सदस्य

श्री अशोक गुरागाँई
सदस्य

श्री प्रविन पन्दाक
प्रबन्ध संचालक/कार्यकारी प्रमुख

श्री सुमन कुमार नेपाल
स्वतन्त्र संचालक

श्री सबिना श्रेष्ठ
कम्पनी सचिव

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

को

पन्ध्रौं वार्षिक साधारण सभाको सूचना

यस सिडिएससिको मिति २०८२/०८/२१ गते बसेको संचालक समितिको निर्णयानुसार सिडिएससिको पन्ध्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२ पौष २८ गते, सोमबार

समय : बिहान ११:०० बजे

स्थान : दोस्रो तल्ला, शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं ।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची माथि छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. आ.व.२०८१/८२ को नाफाबाट १०० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

(ख) विविध ।

....

आज्ञाले

कम्पनी सचिव

पन्धौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि) को पन्धौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. तथा सम्पूर्ण नियामक निकायहरुका अधिकारी एवं लेखापरीक्षक, सिडिएससिका प्रबन्ध संचालक/कार्यकारी प्रमुख तथा सिडिएससिमा कार्यरत कर्मचारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई संचालक समिति तथा मेरो व्यक्तिगततर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको स्थापनाकालदेखि नै निरन्तर प्रदान गर्नु भएको विश्वास, सहयोग तथा समर्थन प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यही विश्वास र सहकार्यका कारण यस सिडिएससिले आज पन्धौं वार्षिक साधारण सभा आयोजना गर्ने अवसर प्राप्त भएकोले हामी निकै नै गौरवान्वित छौं । तपाईहरुको अमूल्य साथ, धैर्य र प्रतिवद्धताका कारण आज सिडिएससि निरन्तर प्रगतिको मार्गमा अघि बढिरहेको छ । भविष्यमा पनि तपाईहरुको सुझाव, विश्वास र सहकार्यको अपेक्षा राख्दै, संस्थालाई अझ सशक्त र सफल बनाउने दिशामा हामी प्रतिबद्ध छौं । पुनः एक पटक सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु ।

सिडिएससिद्वारा नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) अनुसार तयार पारिएका आर्थिक वर्ष २०८१/८२ संग सम्बन्धित कम्पनीका लेखापरीक्षण वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड र नगद प्रवाह विवरण सहितको सम्पूर्ण वित्तीय विवरणहरु यस सभामा स्वीकृतिका लागि प्रस्तुत गरिएको छ । यी प्रतिवेदनहरुले कम्पीको वित्तीय स्थिति, संचालनको नतिजा र सम्पूर्ण कार्य प्रगतिको यथार्थ प्रस्तुत हुने विश्वास लिएको छु ।

आदरणीय शेयरधनी महानुभावहरु,

आजको यस सभामा, संचालक समितिको तर्फबाट म आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले गरेका महत्वपूर्ण कार्य, मुख्य सूचकाङ्कको अवस्था र कम्पनीसंग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध राख्ने अन्य विषयहरु देहायबमोजिम प्रस्तुत गर्दछु ।

१. समष्टिगत आर्थिक अवस्थाको सिंहावलोकन :

विश्व तथा राष्ट्रिय अर्थतन्त्र :

आर्थिक वर्ष २०८१/८२ मा विश्वव्यापी रूपमा मुद्रास्फीति अघिल्ला वर्षको तुलनामा केही घटे पनि नियन्त्रणमा आएको देखिँदैन । ऊर्जा, खाद्य पदार्थ र कच्चा पदार्थको मूल्यमा देखिएको उतार-चढावले उपभोक्ताको जीवनस्तरमा प्रभाव पार्नका साथै, जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोप, खडेरी र बाढीले उत्पादन र आपूर्ति प्रणालीमा अवरोध सिर्जना गरेको कारण सन् २०२४ मा ३.३ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२५ मा ३.२ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण गरेको छ । विकसित अर्थतन्त्रको समग्र आर्थिक बृद्धिदर सन् २०२४ मा १.८ प्रतिशत रहेकोमा सन् २०२५ मा १.६ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । उदीयमान र विकासोन्मुख अर्थतन्त्रहरुको आर्थिक बृद्धिदर सन् २०२४ मा ४.३ प्रतिशत रहेकोमा सन् २०२५

मा ४.२ प्रतिशत रहने प्रक्षेपण रहेको छ । उदीयमान तथा विकासोन्मुख एसियाली अर्थतन्त्रको बृद्धिदर सन् २०२४ मा ५.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.२ प्रतिशत रहने प्रक्षेपण छ ।

समग्रमा, आर्थिक वर्ष २०८१/८२ मा विश्व अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढिरहेको देखिन्छ । भविष्यमा अर्थतन्त्र अझ सन्तुलित र सबल बन्ने अपेक्षा गर्न सकिन्छ । यसबाट पूँजीबजारमा समेत सोही अनुरुप सुधार आई सो को सकरात्मक प्रभाव सिडिएससिमा समेत पर्न जाने अपेक्षा छ ।

पूँजी बजार अवस्था :

पुँजी बजार कुनै पनि देशको आर्थिक विकासको महत्वपूर्ण आधार मानिन्छ । आर्थिक वर्ष २०८१/८२ को सुरुवातमा नेप्से सूचक केही दबाबमा रहेको थियो । अघिल्ला वर्षहरूमा उच्च ब्याजदर, लगानीकर्ताको कमजोर मनोबल, तरलताको समस्या र आर्थिक मन्दीको प्रभावले सेयर बजार प्रभावित भएको थियो । तर यस आर्थिक वर्षको मध्यतिर मौद्रिक नीतिमा केही लचकता, ब्याजदरमा क्रमशः गिरावट र तरलताको अवस्था सुधार हुँदै जाँदा बजारमा सुधारको संकेत देखिएको छ । पूँजी निर्माणका लागि कम्पनीहरुले प्राथमिक बजारमार्फत् धितोपत्र निष्काशन गर्दै आएका छन् । प्राथमिक निष्काशनमा लगानीकर्ताहरूको आर्कषण बढ्दै गएको देखिन्छ ।

नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा सूचीकृत शेयरको चुक्ता मूल्य गत आर्थिक वर्षको तुलनामा ६ प्रतिशतले बृद्धि भई रु.८६९ अर्ब ८५ करोड पुगेको छ । आर्थिक वर्ष २०८१/८२ मा रु.४० अर्ब २१ करोड बराबरको साधारण शेयर, रु.२४ अर्ब ४२ करोड बराबरको बोनस शेयर, रु.१३ अर्ब २३ करोड बराबरको हकप्रद शेयर र रु.११.२ करोड बराबरको Further Public Offering (FPO) सूचीकृत भएका छन् । आर्थिक वर्ष २०८१/८२ मा नेपालको दोस्रो बजारमा समेत सोही अनरुप सुधार भएको पाइन्छ ।

अघिल्लो वर्षको धितोपत्र कारोबारको तुलनामा यस आर्थिक वर्षमा कारोबार १८९ प्रतिशतले बृद्धि भई रु.२१२४ अर्ब ९५ करोड रकमको कारोबार पुग्न गएको छ ।

धितोपत्र बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ३१ प्रतिशतले बृद्धि भई २०८२ असार मसान्तमा रु.४६५६ अर्ब ९९ करोड कायम भएको छ । २०८२ असार मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात ७६.२५ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा यस्तो अनुपात ६२.२९ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरु (बीमा कम्पनी समेत) को अंश ५४.१ प्रतिशत, जलविद्युत क्षेत्रको १५.३ प्रतिशत, लगानी कम्पनीको ७.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ५.४ प्रतिशत, होटलको २.७ प्रतिशत, व्यापारिक संस्थाको ५ प्रतिशत र अन्यको ९.८ प्रतिशत रहेको छ ।

नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा २४.७ प्रतिशतले बृद्धि भई २०८२ असार मसान्तमा २७९४.७९ कायम भएको छ । उक्त सूचकाङ्क २०८१ असार मसान्तमा २२४०.४ रहेको थियो । त्यसैगरी नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत कम्पनीहरुको संख्या २०८२ आषाढ मसान्तसम्म २७२ पुगेको छ । सूचीकृत कम्पनीहरु मध्ये १३२ बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने ९१ जलविद्युत कम्पनी, २३ उत्पादन तथा प्रशोधन उद्योग, ७ होटल, ७ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ८ अन्य समूहका रहेका छन् ।

आदरणीय शेयरधनी महानुभावहरु,

२. आर्थिक वर्ष २०८१/८२ मा सिडिएससिले गरेका मुख्य कार्यहरु उल्लेख गर्दछु ।

सिडिएससिले आर्थिक वर्ष २०८१/८२ मा :

- धितोपत्र अभौतिकीकरणका लागि थप ७ वटा कम्पनीहरु, ५ वटा सामूहिक लगानी कोष र ४ वटा संस्थागत ऋणपत्र दर्ता भएका छन् ।
- थप १० वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ ।
- थप ६.०२ लाख नयाँ हितग्राही खाताहरु खोलिएका छन् ।
- थप ११६.४१ करोड कित्ता धितोपत्र अभौतिकीकरण भएको छ ।
- मेरो शेयर प्रयोगकर्ताको संख्या ६.०७ लाख थप भएको छ ।
- सिडिएससिको कूल आम्दानी रु.१ अर्ब ३२ करोड १९ लाख ३१ हजार रहेको छ ।
- सिडिएससिले रु.७५ करोड ९५ लाख ४७ हजार खुद नाफा आर्जन गरेको छ ।
- सिडिएससिको जगेडा कोषमा रु.१ अर्ब ८४ करोड ९१ लाख ७८ हजार रहेको छ ।
- सिडिएससिको प्रति शेयर आम्दानी रु.२५३.१८ मा रहेको छ ।

शेयर संरचना परिवर्तन अभिलेखः

सिडिएससिको चुक्ता पूँजी रु.३० करोड रहेकोमा मिति २०८१/०९/२८ गते सम्पन्न भएको चौधौं वार्षिक साधारण सभाबाट नेपाल स्टक एक्सचेन्ज लिमिटेडको नाममा १५ लाख २८ हजार कित्ता शेयर संख्या कायम गरी प्रति कित्ता रु.१०० को दरले हुन आउने रु.१५ करोड २८ लाख (५१.९३ प्रतिशत) र नेपाल सरकारको नाममा १४ लाख ७२ हजार कित्ता शेयर संख्या कायम गरी प्रति कित्ता रु.१०० को दरले हुन आउने रु.१४ करोड ७२ लाख (४९.०७ प्रतिशत) हुनेगरी नयाँ शेयर संरचना कायम गर्ने प्रस्ताव पारित भएबमोजिम शेयर संरचना कायम गरिएको छ ।

सुपरीवेक्षण तथा निरीक्षण :

नियमको पालना, लगानीकर्ता संरक्षण, जोखिम नियन्त्रण, पारदर्शिता र वित्तीय स्थायित्व कायम राख्न आर्थिक वर्ष २०८१/८२ मा २० वटा निक्षेप सदस्य तथा राफसाफ सदस्यहरुको सुपरीवेक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन नेपाल धितोपत्र बोर्डमा पेश गरिएको छ । साथै, सिडिएससिमा प्राप्त हुन आएका गुनासाहरुको समेत समाधान गरी सो को प्रतिवेदन बोर्डमा पेश गरिएको छ ।

निक्षेप सदस्य तथा राफसाफ सदस्यलाई तालिम :

आर्थिक वर्ष २०८१/८२ मा सदस्य प्राप्त नयाँ निक्षेप सदस्य तथा राफसाफ सदस्यहरुलाई प्रणाली र सेवाहरु सम्बन्धी तालिम प्रदान गरिएको छ । साथै निक्षेप सदस्यहरुमा संचालनका क्रममा सृजना भएका समस्या तथा द्धिविधालाई समाधान गर्न नियमित रुपमा अन्तरक्रिया तथा छलफलको कार्यक्रम आयोजना गरिएको छ ।

जनचेतना मूलक कार्यक्रम :

“विश्व लगानीकर्ता सप्ताह २०२४” को अवसरमा मिति २०८१ कार्तिक ६ देखि १२ गतेसम्म नेपाल धितोपत्र बोर्डको नेतृत्वमा नेप्से, सिडिएससि, मर्चेन्ट बैंकर एसोसिएसन अफ नेपाल र सेक्युरिटिज ब्रोकर एसोसिएसन अफ नेपालको संयुक्त आयोजनामा मुलुकका विभिन्न स्थानमा लगानीकर्ता सचेतना कार्यक्रम आयोजना गरिएको छ ।

यसैगरी मिति २०८१ चैत्र ४ देखि चैत्र १० सम्म नेपाल धितोपत्र बोर्डको नेतृत्वमा नेप्से, सिडिएससि, मर्चेन्ट बैंकर एसोसिएसन अफ नेपाल र सेक्युरिटिज ब्रोकर एसोसिएसन अफ नेपालको संयुक्त आयोजनामा “Global Money Week 2025” आयोजना गरिएको र “Think Before You Follow, Wise Money Tomorrow” नाराका साथ विद्यार्थी र लगानीकर्तालाई लक्षित गरी कार्यक्रम आयोजना गरिएको थियो । आर्थिक वर्ष

२०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम अनुसार सातवटै प्रदेशमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो ।

मानव संशाधन विकास, तालिम एवं गोष्ठी :

कर्मचारीहरूको कार्य क्षमता विकास मार्फत् सक्षम, प्रतिस्पर्धी र दीर्घकालीन रूपमा सफल बनाउन आवश्यकता अनुसार तालिम प्रदान गरिएको छ । समीक्षा अवधिसम्म कम्पनीमा स्थायी र करारमा गरी कूल ४३ जना कर्मचारीहरु कार्यरत छन् । आर्थिक वर्ष २०८१/८२ मा लोक सेवा आयोगको समन्वयमा जम्मा ६ जना कर्मचारीहरु स्थायी सेवामा नियुक्ति गरिएको छ भने ३ जना कर्मचारीहरुको बढुवा गरिएको छ ।

कूल कर्मचारीहरु मध्ये १९ जना (४४ प्रतिशत) महिला कर्मचारीहरु रहेका छन् । कर्मचारीहरुको कार्य दक्षताको मूल्यांकन गर्न तथा मनोबल उच्च राख्न कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीलाई अवलम्बन गरिएको छ । कर्मचारीहरुको वृत्तिविकास, कार्यकुशलता तथा कार्यक्षमता र नेतृत्वकलामा अभिबृद्धि गर्न कम्पनीले उपयुक्त वातावरणको सृजना गरी आन्तरिक, बाह्य तथा अन्तर्राष्ट्रिय प्रशिक्षणहरुमा समेत कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ ।

विनियमावली संशोधनः

समीक्षा अवधिसम्म यस सिडिएससिको कर्मचारी सेवा शर्त विनियमावली, २०७५ मा संशोधन गरी स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको छ ।

निर्देशिका/कार्यविधि निर्माणः

- संगठित संस्थाहरुलाई प्रदान गरिने International Securities Identification Number (ISIN) दिने कार्यलाई थप व्यवस्थित गर्न तयार गरिएको "धितोपत्र अभौतिकीकरण सम्बन्धी निर्देशिका, २०८२"स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको छ ।
- कानून सवलीकरण कार्यविधि, २०८२ संचालक समितिबाट स्वीकृति गरी लागू गरिएको छ ।

अन्य कार्यः

सुशासन सम्बन्धी निर्देशिका बमोजिमको कार्यलाई अझ प्रभावकारी रुपमा लागू गरिएको छ। साथै सामाजिक संजाल मार्फत् सूचना प्रवाहलाई थप प्रभावकारी बनाइएको छ ।

३. कार्य संचालनका मुख्य उपलब्धीहरु :

शेयरधनी महानुभावहरु, अब म

यस सिडिएससिको आ.व. २०८१/८२ को कारोबार सम्बन्धी गतिविधि प्रस्तुत गर्दछु :

दर्ता कम्पनीको संख्या :

आ.व.२०८१/८२ मा सिडिएससिमा थप ७ वटा कम्पनीहरु धितोपत्र अभौतिकीकरणका लागि दर्ता भई आर्थिक वर्षको अन्त्यसम्म दर्ता कम्पनीको संख्या २५५ पुगेको छ । त्यसैगरी ५ वटा सामुहिक लगानी कोष र ४ वटा संस्थागत ऋणपत्र समेत दर्ता भएका छन् । आ.व. २०७९/८० सम्म दर्ता कम्पनीको संख्या २३० वटा र आ.व.२०८०/८१ सम्म दर्ता हुने कम्पनीको संख्या २४८ रहेको थियो । सोही संख्या २०८२ मंसिर मसान्तसम्म २६५ रहेको छ ।

तालिका नं. १ : दर्ता कम्पनीको संख्या

आर्थिक वर्ष	संख्या

आ.व. २०७९/८० सम्म	२३०
आ.व. २०८०/८१ सम्म	२४८
आ.व. २०८१/८२ सम्म	२५५
२०८२ मंसिर मसान्तसम्म	२६५

निक्षेप सदस्यको संख्या :

निक्षेप सदस्यले धितोपत्रलाई विद्युतीय (डिम्याट्) स्वरूपमा सुरक्षित राख्ने र व्यवस्थापन गर्ने सेवा प्रदान गर्दछ । कागजी शेयरको झन्झट हटाई जोखिम घटाउने, कारोबारलाई छिटो र विश्वसनीय बनाउने काममा निक्षेप सदस्यको महत्वपूर्ण योगदान रहेको हुन्छ । निक्षेप सदस्यको संख्या आ.व. २०७९/८० सम्म ८८ वटा र आ.व. २०८०/८१ सम्म ११९ वटा रहेकोमा आ.व. २०८१/८२ मा थप १० वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरी २०८२ असार मसान्तमा जम्मा निक्षेप सदस्यको संख्या १२९ पुगेको छ। हाल निक्षेप सदस्यहरुको मर्जर तथा एक्विजिशन प्रकृया पश्चात कूल निक्षेप सदस्यको संख्या १२५ कायम रहेको छ ।

तालिका नं. २ : निक्षेप सदस्यको संख्या

आर्थिक वर्ष	**संख्या**
आ.व. २०७९/८० सम्म	८८
आ.व. २०८०/८१ सम्म	११९
आ.व. २०८१/८२ सम्म	१२९
२०८२ मंसिर मसान्तसम्म	१२५

हितग्राही खाताको संख्या :

आर्थिक वर्ष २०७९/८० सम्म हितग्राही खाताको संख्या कूल ५८.२१ लाख र आर्थिक वर्ष २०८०/८१ सम्म ६३.९५ लाख रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा हितग्राही खाताको संख्यामा ९.४ प्रतिशत (६.०२ लाख) ले बृद्धि भई आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म हितग्राहीको खाताको संख्या ६९.९७ लाख पुगेको छ। सोही संख्या २०८२ मंसिर मसान्तसम्म ७२.४० लाख पुगेको छ।

तालिका नं. ३ : हितग्राही खाताको संख्या

आर्थिक वर्ष	**संख्या (लाखमा)**
आ.व. २०७९/८० सम्म	५८.२१
आ.व. २०८०/८१ सम्म	६३.९५

आ.व. २०८१/८२ सम्म	६९.९७
२०८२ मंसिर मसान्तसम्म	७२.४०

अभौतिकीकरण गरिएका धितोपत्रको संख्या :

आर्थिक वर्ष २०८१/८२ मा ११६.४१ करोड कित्ता थप धितोपत्र अभौतिकीकरण भई कूल अभौतिकीकरण धितोपत्रको संख्या १३८६.९२ करोड कित्ता पुगेको छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्ष धितोपत्रको अभौतिकीकरण संख्यामा ९.१६ प्रतिशतले बृद्धि भएको छ। त्यसैगरी आर्थिक वर्ष २०७९/८० सम्म कूल १०७६.०१ करोड कित्ता धितोपत्र अभौतिकीकरण भएकोमा आर्थिक वर्ष २०८०/८१ सम्म उक्त संख्या १२७०.५१ करोड कित्ता पुगेको थियो। सोही संख्या २०८२ मंसिर मसान्तसम्म १५३२.३९ करोड पुगेको छ।

तालिका नं. ४ : अभौतिकृत धितोपत्रको संख्या

आर्थिक वर्ष	संख्या (करोडमा)
आ.व. २०७९/८० सम्म	१०७६.०१
आ.व. २०८०/८१ सम्म	१२७०.५१
आ.व. २०८१/८२ सम्म	१३८६.९२
२०८२ मंसिर मसान्तसम्म	१५३२.३९

मेरो शेयर प्रयोगकर्ताको संख्या :

आर्थिक वर्ष २०८१/८२ मा मेरो शेयर प्रयोगकर्ताको ५.४३ लाख थप भई कुल संख्या ५९.७६ लाख पुगेको छ। यो गत आर्थिक वर्षको तुलनामा १०.१ प्रतिशतले बृद्धि भएको हो। मेरो शेयर प्रयोगकर्ताको संख्या आर्थिक वर्ष २०७९/८० सम्म ४८.२६ लाख रहेकोमा आ.व. २०८०/८१ सम्म सो संख्या ५३.६९ लाख पुगेको थियो। सोही संख्या २०८२ मंसिर मसान्तसम्म ६३.१६ लाख पुगेको छ।

तालिका नं. ५ : मेरो शेयर प्रयोगकर्ताको संख्या

आर्थिक वर्ष	संख्या (लाखमा)
आ.व.२०७९/८० सम्म	४८.२६
आ.व.२०८०/८१ सम्म	५३.६९
आ.व.२०८१/८२ सम्म	५९.७६
२०८२ मंसिर मसान्तसम्म	६३.१६

४. सूचना प्रविधिमा भएका मुख्य उपलब्धीहरु :

Application Programming Interface (API) सम्बन्धमा :

राफसाफ सदस्यहरुको Back-office प्रणाली र Trade Management System (TMS) प्रणालीलाई आवश्यक API तयार गरी सम्बन्धित राफसाफ सदस्यलाई आवद्ध गरी संचालनमा ल्याइएको छ । सि-आस्वा प्रणालीलाई बैंक तथा वित्तीय संस्थाको प्रणालीसंग Integration गर्ने API तयार गरी संचालनमा ल्याइएको छ ।

राफसाफ प्रणालीमा परिमार्जन :

राफसाफ सदस्यहरुबाट प्राप्त सुझाव अनुसार सिडिएससिले राफसाफ प्रणालीमा Bulk Upload मार्फत् Client Mapping Module को विकास गरी संचालनमा ल्याइएको छ ।

प्रणालीमा सुधारः

- बोनस तथा हकप्रद शेयरमा पूँजीगत लाभकर प्रयोजनको लागि प्रणालीमा थप सुधार गरिएको छ ।
- नाबालकबाट बालिग हुँदा नागरिकताको विवरण अद्यावधिक गर्न सिडिएससिमा आउनु नपर्ने व्यवस्था गरिएको छ ।
- Negotiated Window मार्फत् भएका कारोबारको राफसाफ नियमित कारोबारको राफसाफ सरह हुनेगरी सुधार गरिएको छ ।
- राफसाफ प्रणालीमा लागत सम्बन्धी विवरण Upload मा Threshold को व्यवस्था गरिएको छ ।
- क्लोज आउटलाई न्यूनिकरण गर्न खाता रोक्का भएको अवस्थामा शेयर बिक्री गर्न नमिल्ने व्यवस्था गरिएको छ ।
- Offline Data Backup को व्यवस्था गरिएको छ ।

DR Drill सम्बन्धमाः

सिडिएससिको प्राइमारी डाटा सेन्टर मार्फत् संचालन भइरहेका सेवाहरु प्राकृतिक विपती वा विभिन्न किसिमका भवितव्यहरुबाट प्रभावित भई सेवा अवरुद्ध हुन नदिन हेटौंडा स्थित डिजास्टर रिकभरी साइट मार्फत् सम्पूर्ण सेवाहरु संचालन गर्न सकिने व्यवस्थाको यकिन गर्नका लागि त्रैमासिक रुपमा DR Drill गरी सेवा संचालन गरिएको छ ।

५. कार्य योजनाको उपलब्धी :

तालिका नं.६ : सिडिएससिको कार्य योजना तथा उपलब्धी

क्र.सं.	स्वीकृत वार्षिक नीति तथा कार्यक्रम	वार्षिक नीति तथा कार्यक्रमको प्रगति
१.	कर्मचारीको कार्यदक्षता अभिवृद्धि गर्ने ।	मिति २०८१/१०/२६ देखि २०८१/११/०२ सम्म Koening Solutions, India ले भारतमा आयोजना गरेको Oracle Warehouse Training मा दुई जना कर्मचारीहरुलाई सहभागीता गराइएको । साथै Central Depository Bangladesh Limited ले जुन २५ देखि जुन २७ आयोजना गरेको "Training and Knowledge Sharing of Depository Operations and Systems" मा आई.टी. विभागबाट चार जना कर्मचारीहरुलाई सहभागीता गराइएको । त्यसैगरी

		Global Risk Consultants ले सन् २०२५ फेब्रुअरी ५ मा "Workshop on NAS19, Employee Benefit and Actuarial Valuation" को तालिममा दुईजना कर्मचारीहरुलाई सहभागी जनाएको । नेप्सेले International Finance Corporation (IFC) को सहकार्यमा मिति २०८१/०८/०५ गते आयोजना गरेको IFRS Sustainability Disclosure Standards Workshop मा यस लि. बाट ४ जना कर्मचारीहरुलाई सहभागी गराइएको । Certified Ethical Hacking(CEH) सम्बन्धी तालिममा ८ जना कर्मचारीहरुलाई सहभागी गराइएको ।
२.	विभिन्न रिक्त पदहरुमा स्थायी पूर्ति गरिएको ।	रिक्त रहेको विभिन्न पदहरुमा आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी प्रतियोगिताबाट ६ जना कर्मचारीहरु नियुक्ति गरिएको छ । साथै ३ जना कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको आधारमा बढुवा गरिएको छ ।
३.	निक्षेप सदस्य, लगानीकर्ता, सञ्चारकर्मी लगायतका सरोकारवाला लक्षित धितोपत्र निक्षेप सेवा सम्बन्धी सचेतना तथा साक्षरता कार्यक्रम आयोजना गर्ने ।	"विश्व लगानीकर्ता सप्ताह २०२४" को अवसरमा मिति २०८१ कार्तिक ६ देखि १२ गतेसम्म नेपाल धितोपत्र बोर्डको नेतृत्वमा लगानीकर्ता सचेतना कार्यक्रम आयोजना गरिएको छ । यसैगरी मिति २०८१ चैत्र ४ देखि चैत्र १० सम्म नेपाल धितोपत्र बोर्ड कै नेतृत्वमा "Global Money Week 2025" आयोजना गर्ने क्रममा विभिन्न स्थानहरुमा सचेतना कार्यक्रम आयोजना गरिएको छ ।
४.	निक्षेप सदस्यता प्रदान गर्ने सम्बन्धमा ।	आ.व. २०८१/८२ मा थप ९ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ ।
५.	धितोपत्र अभौतिकीकरण गर्ने सम्बन्धमा ।	आ.व.२०८१/८२ मा सिडिएससिमा थप ७ वटा कम्पनीहरु धितोपत्र अभौतिकीकरणका लागि दर्ता भएको छ भने थप ५ वटा सामुहिक लगानी कोष र थप ४ वटा संस्थागत ऋणपत्र समेत दर्ता भएका छन् ।
६.	कार्यविधि अनुसार उपत्यका भित्र र बाहिरको निक्षेप सदस्यको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।	आर्थिक वर्ष २०८१/८२ मा सिडिएससिले २० वटा निक्षेप सदस्य तथा राफसाफ सदस्यहरुको सुपरीवेक्षण तथा अनुगमन गरेको छ ।
७.	राफसाफ सदस्यबाट प्राप्त सुझाव अनुसार राफसाफ प्रणालीमा आवस्यक परिमार्जन गर्ने ।	Bulk client mapping module को विकास गरिएको छ ।

८.	API (Application Programming Interface) कार्यान्वयन गर्ने ।	सि-आस्बा तथा मेरो शेयरमा API तयार गरी प्रयोगमा ल्याँइएको छ । राफसाफ सदस्यहरुको Back-office प्रणाली र Trade Management System (TMS) प्रणालीसंग API मार्फत् आवद्ध गरी संचालनमा ल्याइएको छ ।
९.	राफसाफ प्रणालीमा परिमार्जन गरिएको ।	राफसाफ सदस्यहरुबाट प्राप्त सुझाव अनुसार सिडिएससिले राफसाफ प्रणालीमा Bulk Client Mapping Module को विकास गरी संचालनमा ल्याइएको छ ।

आदरणीय शेयरधनी महानुभावहरु, अब म सिडिएससिका वित्तीय पक्षलाई प्रस्तुत गर्दछु ।

६. लेखा परीक्षकको नियुक्ती :

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्न महालेखापरीक्षकको कार्यालयमा परामर्श माग गरिएकोमा १४ औं वार्षिक साधारण सभासम्म पनि परामर्श प्राप्त भईनसकेकोले सो साधारण सभाको निर्णय अनुसार महालेखापरीक्षकको कार्यालयबाट परामर्श भई आउने लेखापरीक्षकलाई नै नियुक्ति गर्ने निर्णय भएकोमा महालेखापरीक्षकको कार्यालयको मिति २०८१/०९/२८ गतेको पत्रबाट सिए श्री विवेक अधिकारीलाई नियुक्ति गर्न परामर्श भएबमोजिम कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम निजलाई नियुक्त गरिएको व्यहोरा शेयरधनी मानुभावलाई जानकारी गराउँदछु ।

७. लेखा परीक्षण प्रतिवेदन :

आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन पेश गर्न पाएको व्यहोरा सम्पूर्ण शेयरधनीलाई जानकारी गराउन पाउँदा अत्यन्तै खुशी लागेको छ ।

८. लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाब दिएको भए सो को विवरण :

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

१) श्री अशोक गुरागाई – संयोजक

२) श्री शरद निरौला – सदस्य

३) श्री सुमन कुमार नेपाल – सदस्य

४) श्री सुनिल गुरुङ्ग– सदस्य सचिव

लेखापरीक्षण समितिले लेखापरीक्षकले औल्याइएका विषयहरुको नियमानुसार कार्य सम्पन्न गर्न गराउन व्यवस्थापनलाई निर्देशन दिने र संचालक समितिलाई सो को जानकारी गराउने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा यस समितिको बैठक ९ पटक बसी संयोजक लगायत सदस्यहरुलाई प्रति बैठक कर सहित रु.३,००० मात्र उपलब्ध गराइएको छ ।

९. कम्पनीको आय व्यय विवरण :

सिडिएससिले आ.व.२०८०/८१ मा रु.८६ करोड ४१ लाख ५२ हजार कूल आम्दानी गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा ५३ प्रतिशतले बढेर रु.१ अर्ब ३२ करोड १९ लाख भएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कूल खर्च रु.१८ करोड ९० लाख ६ हजार रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ७ प्रतिशतले बढेर रु.२० करोड १४ लाख ७४ हजार भएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा खुद नाफा रु.४५ करोड ८१ लाख ९२ हजार आर्जन गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा खुद नाफा रु.७५ करोड ९५ लाख ४७ हजार आर्जन गरेको छ ।

सिडिएससिको प्रति शेयर आम्दानी आर्थिक वर्ष २०८०/८१ मा रु.१५२.७३ रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा प्रति शेयर आम्दानी रु.२५३.१८ भएको छ ।

आयकर बापत आर्थिक वर्ष २०८०/८१ मा रु.१९ करोड ८८ लाख ६७ हजार भुक्तानी गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु.३२ करोड ५५ लाख ६८ हजार भुक्तानी गरेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा जगेडा कोषमा रु.१ अर्ब ३९ करोड ६७ लाख ११ हजार रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु.१ अर्ब ८४ करोड ९१ लाख ७८ हजार रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा ५० करोड देखि १०० करोड सम्म करोबार गर्ने निकायहरु मध्ये सबैभन्दा बढी कर तिर्ने निकायको रुपमा आन्तरिक राजश्व विभाग लाजिम्पाटबाट मिति २०८२/०८/०१ गते कर दिवसको सप्ताहमा पुरस्कृत भएको छ ।

१०. शेयर स्वामित्व ग्रहण :

अधिकृत पूँजी ५० लाख कित्ता प्रति शेयर रु.१०० मा विभाजन गरी रु.५० करोड रहेको छ । जारी तथा चुक्ता पूँजी ३० लाख कित्ता प्रति शेयर रु.१०० को दरले रु.३० करोड रहेको छ ।

भारत सरकारबाट अनुदान स्वरुप प्राप्त रु.१४ करोड ७२ लाख (४९.०७ प्रतिशत) नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को स्वामित्वमा रहेको शेयर १४ औं साधारण सभाबाट नेपाल सरकारको स्वामित्वमा हस्तान्तरण भएको र नेप्सेको स्वामित्वमा रु.१५ करोड २८ लाख (५०.९३ प्रतिशत) कायम भएको छ ।

११. लाभांश वितरण :

आर्थिक वर्ष २०८०/८१ मा शेयरधनीलाई १०० प्रतिशतका दरले रु.३० करोड नगद लाभांश वितरण गरेको थियो । आर्थिक वर्ष २०८१/८२ मा १०० प्रतिशतले हुने रु.३० करोड नगद लाभांश दिने प्रस्ताव गरिएको छ ।

आदरणीय शेयरधनी महानुभावहरु, अब म सिडिएससि संचालनका क्रममा भई रहेका प्रगति, भावी योजना र देखिएका चुनौति तथा अन्य विविध विषयहरु प्रस्तुत गर्दछु ।

१२. हाल भइरहेको कार्य:

- विभिन्न Databases मा रहेका आवश्यक तथ्यांकहरुलाई एकीकृत गरी रिपोटिङ्गको लागि Data Warehouse को विकास सम्बन्धी कार्य सिडिएससिका कर्मचारीबाट भइरहेको छ ।
- सिकेवाईसि प्रणालीमा स्तारोन्नती गर्ने कार्य हुँदैछ ।
- हितग्राही खातामा राष्ट्रिय परिचय पत्र नम्बर (NIN) इन्ट्रिगेशन गर्ने व्यवस्था मिलाउने कार्य हुँदैछ ।
- पूँजीगत लाभकर सम्बन्धी सफारिस लिने व्यवस्थालाई सिडिएससिमा आउन नपर्ने गरी प्रणाली सुधारको क्रममा रहेको छ ।
- राफसाफ प्रणालीको सुधारमा प्रारम्भिक थालनी गरिएको छ ।
- कम्पनीको स्थायित्वको लागि दीर्घकालीन योजना बनाउने, तथ्यांकको उचित भण्डारण, संरक्षण तथा सुरक्षा गर्न नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी डाटा सेन्टर स्थापना गर्ने कार्य अगाडि बढाइएको छ ।
- सिडिएससिकै प्राविधिक कर्मचारी रहेको प्राविधिक टोली गठन गरी प्रविधिमा आत्मनिर्भर बनाउनका लागि प्राविधिक कर्मचारीहरुलाई विशेष तालिम दिइरहेको छ ।

१३. आगामी कार्य योजना:

- सेन्ट्रल काउन्टर पार्टी (Central Counter Party-CCP) को सम्भाव्यता अध्ययन गर्ने ।

- कम्पनीको वित्तीय अवस्थालाई थप सुधार गर्न विभिन्न सेवाहरु ई-भोटिङ्ग जस्ता नयाँ सेवाहरु थालनी गर्दै लैजाने ।
- विद्युतीय निर्देशन पूर्जी (Electronic Delivery Instruction Slip-EDIS) मा थप सुधार गर्ने ।
- मेरो शेयर मार्फत् स्थानीयलाई अनलाइन आवेदन गर्ने व्यवस्था गर्ने ।
- Centralized Know Your Customer (CKYC), Trade Management System (TMS) र Bank System को Integration गर्ने ।
- Capital Gains Tax (CGT) Adjustment मा थप सुधार गर्ने ।
- मेरो शेयर प्रिमियम सर्भिसको व्यवस्था गर्ने ।
- प्रविधि विकास कोषको व्यवस्था गर्ने ।
- सिडिएससिको वेभसाइटलाई Modernize गर्ने ।

१४. चुनौतीः

- धितोपत्र कारोबारसंग सम्बन्धित ऐन तथा नीति नियमहरु समयानुकूल संशोधन,
- प्रविधिमा हुने विकास र परिवर्तन संगै सिडिएससिले सोही अनुसार प्रविधिमा लगानी गर्ने,
- सिडिएससिले लिने सेवा शुल्कहरुमा समय अनुसार परिमार्जन गर्ने,
- आफ्नो स्वामित्वमा कार्यालय भवन नहुँदा कार्यालय स्थान्तरण गरिरहनु पर्ने अवस्थाले स्थायी रुपमा पूर्वाधारको तथा महत्वपूर्ण तथ्यांकको व्यवस्थित गर्न कठिनाई हुने,
- सिडिएससिले प्रयोग गर्दै आएको मुख्य सफ्टवेयरहरुको लागि सम्बन्धित कम्पनीसंग निर्भर रहने,
- प्रणालीहरुमा Cyber-Attack को जोखिमको न्यूनिकरण गर्न आश्वयक पूर्वाधारमा लगानी बढाउने,
- दोस्रो बजारमा वित्तीय उपकरणहरु थप हुँदा सो को कारोबारको राफसाफ तथा फछ्र्यौट सेवालाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार अवलम्बन गर्न नीति नियम तथा प्राविधिक परिमार्जन गर्ने ।

१५. विविध :

संचालक समितिमा परिवर्तन :

सिडिएससिको शेयर संरचना परिवर्तन भएसंगै नियमावलीको नियम २७ को उपनियम (३) मा संचालक समितिमा देहाय बमोजिमको प्रतिनिधित्व हुने गरी संचालकहरु नियुक्ति हुने व्यवस्था रहेको:
(क) नेपाल स्टक एक्सचेन्ज लि. का प्रमुख कार्यकारी अधिकृत - अध्यक्ष - १ जना
(ख) नेपाल सरकार - संचालक -२ जना
(ग) नेपाल स्टक एक्सचेन्ज लि. का उच्च तहका एक जना महिला कर्मचारी- संचालक-१ जना
(घ) स्वतन्त्र/विशेषज्ञ - संचालक -१ जना

सिडिएससिको शेयर संरचना परिवर्तन पश्चात् संचालक समितिमा मिति २०८१/१२/२१ गते नेपाल स्टक एक्सचेन्ज लि. का प्रमुख कार्यकारी अधिकृत श्री चुडामणि चापागाईं समितिका अध्यक्ष, नेपाल सरकार अर्थ मन्त्रालयबाट श्री केशव कुमार उप्रेती र श्री देवानन्द काफ्ले सदस्य, प्रबन्ध संचालक श्री प्रविन पन्दाक सदस्य रहनु भएकोमा मिति २०८२/०२/२८ गतेबाट श्री देवानन्द काफ्लेको सट्टा श्री शरद निरौला सदस्य र मिति २०८२/०७/१२ गतेदेखि केशव कुमार उप्रतीको सट्टा श्री अशोक गुरागाई सदस्य रहनु भएको छ । त्यसैगरी स्वतन्त्र सदस्यमा मिति २०८२/०४/०९ गतेदेखि श्री सुमन कुमार नेपाल रहनु भएको छ ।

सो अनुसार हाल संचालक समितिको सदस्यता देहाय बमोजिमका रहेको छ :
१) श्री चुडामणि चापागाईं–अध्यक्ष

२) श्री शरद निरौला–सदस्य
३) श्री अशोक गुरागाईं–सदस्य,
४) श्री सुमन कुमार नेपाल–स्वतन्त्र सदस्य
५) श्री प्रविन पन्दाक–प्रबन्ध संचालक

सञ्चालकको पारिश्रमिक र भत्ता :
साधारण सभाबाट पारित भएबमोजिम बैठकमा भाग लिए बापत समितिका अध्यक्ष र सञ्चालकहरुलाई प्रति बैठक भत्ता रु.३,००० मा कर कट्टि गरी प्रदान गरिएको छ । त्यसैगरी सिडिएससिको नियमावली बमोजिम गरिएको सम्झौता अनुसार प्रबन्ध संचालकलाई मासिक तलब रु. १५०,०००।-, भत्ता रु. ५०,०००।- तथा नियमानुसार अन्य सुविधा उपलब्ध गराइएको छ ।

आदरणीय शेयरधनी महानुभावहरु,

अन्त्यमा अब म

सिडिएससिको प्रगति तथा समृद्धिका लागि हरेक क्रियाकलापमा सहयोग तथा सुझाव दिई कार्यदक्षता तथा सेवा बृद्धि गर्न मद्दत गर्ने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, पूर्व अध्यक्ष तथा संचालकहरु, पूर्व कार्यकारी प्रमुखहरु, कम्पनीको हित तथा प्रगतिको लागि मार्ग निर्देशन गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सम्पूर्ण नियामक निकायहरु साथै संचालकहरु, प्रबन्ध संचालक/कार्यकारी प्रमुख र सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आगामी दिनहरुमा कम्पनीले गुणस्तरीय सेवा प्रदान गर्न सदैव तत्पर रहने प्रतिबद्धता सिडिएससिको संचालक समिति र म स्वयंको तर्फबाट जाहेर गर्दछु ।

साथै, यस १५ औं वार्षिक साधारण सभामा यहाँहरुलाई हार्दिक धन्यवाद साथै सबैको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

अध्यक्ष
संचालक समिति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, चौथो तल्ला

पुतलीसडक, काठमाडौं

लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

आ.व.२०८१/८२

बिबेक अधिकारी, एफ.सि.ए.

साझेदार

बि.एण्ड.एस.एसोसिएट्स

चार्टर्ड एकाउन्टेण्ट्स

बागदरबार, काठमाण्डौ

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका शेयरधनी महानुभावहरुका समक्ष

१. वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन

१.१ लेखापरीक्षकको कैफियत सहितको राय

हामीले श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको (यस पछि "कम्पनी" भनिएको) को वित्तीय विवरण, जसमा आषाढ ३२, २०८२ (तदनुसार जुलाई १६, २०२५) को मितिमा समाप्त हुने आर्थिक वर्षको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान तथा अन्य आयको बिस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु पर्दछन्, को लेखापरीक्षण सम्पन्न गरेका छौ।

"कैफियत सहितको राय व्यक्त गर्ने आधार" शिर्षक अन्तर्गत समावेश भएका विषयवस्तुले पार्ने असर बाहेक हाम्रो रायमा, वित्तीय विवरणहरुले आषाढ ३२, २०८२ को संस्थाको वित्तीय अवस्थाका विवरणले सो मितिको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणले अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजाको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) तथा लेखाको सर्वमान्य सिद्धान्त अनुसार यथार्थ चित्रण गर्दछ।

१.२ कैफियत सहितको राय व्यक्त गर्ने आधार

- बोनस नियमावली २०३९ (चौथो संशोधन) को नियम ६(२) मा नेपाल सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्धेश्यले नेपाल सरकारले तोकिदिएको क्षेत्रमा स्थापना भएको एकाधिकार प्राप्त प्रतिष्ठानले आफूले आर्जन गरेको प्रत्येक आर्थिक वर्षको खुद नाफाको १ प्रतिशत बोनस छुट्टयाउनु पर्ने व्यवस्था रहेको छ तर कम्पनीले आ.व. २०८१/८२ को वित्तीय विवरणमा आयकर अघिको खुद नाफाको ५ प्रतिशत रकम कर्मचारी बोनस छुट्याई रु. ३,८५,८९,३५६/- बढि बोनस खर्च लेखाकन गरेकोले रु. ३,८५,८९,३५६/- ले नाफा घटेको पाइयो।

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं। त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको उत्तरदायित्व खण्डमा थप व्याख्या गरिएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस कम्पनीबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पुरा गरेका छौं। हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

२. लेखापरीक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरीक्षण सम्बन्धि मूख्य विषयहरु हुन। यी विषयहरु वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौं। हामीले तल वर्णन गरिएका विषयहरूलाई हाम्रो प्रतिवेदनमा उल्लेख गरिएका लेखापरीक्षण सम्बन्धि मुख्य विषयहरूका रुपमा निर्धारण गरेका छौं।

लेखापरीक्षण सम्बन्धि मुख्य विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
१. सूचना प्रविधि (सामान्य नियन्त्रण)	
कम्पनीमा व्यवसाय सञ्चालनका लागि सूचना प्रविधि प्रणालीले महत्वपूण भूमिका खेल्दछ। कम्पनीको अधिकांश व्यवसायिक कारोबारहरु कम्पनीको सूचना प्रविधि प्रणाली मार्फत भईरहेको तथा कम्पनीको सहज कार्य सम्पादन र वित्तीय विवरणहरुको यथार्थ चित्रणको लागि पनि सूचना प्रविधि पूर्वाधारहरु महत्वपूर्ण हुने गर्दछन्।	कम्पनीको सूचना प्रविधि प्रणाली सम्बन्धी हाम्रो लेखापरीक्षण पद्दती देहायबमोजिम रहेको छः • कम्पनीद्वारा प्रयोग गरिएको सफ्टवेयरको कोडिङ प्रणालीबारे बुझ्यौं । • कम्पनीमा रहेको हाल अवस्थित सूचना प्रविधि प्रणालीमा तथ्यांङ्कको प्रविष्टि र वित्तीय विवरणहरूको उत्पादन प्रक्रियाबारे बुझ्यौं।

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

कारोबारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने विभिन्न प्रतिवेदनहरुका उत्पादनहरुको र विश्वसनीय सूचना प्रविधि, सफ्टवेयर तथा अन्य सम्बद्ध प्रणालीको प्रभावकारितामा भर पर्दछ। सूचना प्रविधि प्रणालीमा भएका त्रुटिहरु, गलत तथ्याङ्क तथा प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियमकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकोले हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयको रुपमा लिएका छौं।	• कम्पनीको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सूचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरणहरूको समेत परिमार्जन भएको सुनिश्चित गर्यो। • प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यो । हामीले विभिन्न आय, र खर्चको नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यो। • कम्पनीद्वारा हामीलाई उपलब्ध गराईएको सूचना प्रविधि प्रणालीको लेखापरीक्षण प्रतिवेदनमा हामीले विश्वास गरी हाम्रो लेखापरीक्षण सम्पन्न गर्यो।

३. अन्य विषयहरु

३.१ शेयर संरचना

नेपाल स्टक एक्सचेन्ज लि. को पूर्ण स्वामित्वमा स्थापित तथा संचालित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा मिति २०८१।०२।०९ गतेको माननीय मन्त्रीस्तरको निर्णय अनुसार नेपाल सरकार अर्थ मन्त्रालयको प.स.वि.क्षे.व्य.सं.स. ८०/८१, च.नं.९१९ मितिः २०८१/०३/२४ गतेको पत्र कार्यन्व्यन गरी नेपाल सरकारको ४९.०७% शेयर स्वामित्व कायम भएको छ। यस अनुसार नेपाल स्टक एक्सचेन्ज लि. को १४ लाख ७२ हजार कित्ता शेयर नेपाल सरकार अर्थ मन्त्रालयलाई प्रति कित्ता रु.१०० को दरले हस्तान्तरण गर्ने निर्णय भएता पनि कम्पनि रजिष्ट्रारको कार्यालयबाट शेयरलगत प्रमाणित भइसकेको भने देखिएन।

३.२ नेपाल सरकारको अनुमति र स्वीकृति सम्बन्धि

सरकारी स्वामित्व भएको कम्पनीको पूर्ण सहायक कम्पनी (Wholly Owned Subsidiary) को स्वामित्व समेत मातृ कम्पनी सरह नै हुनुपर्ने साथै, नेपाल सरकार (अर्थ मन्त्रालय) को प्रत्यक्ष ४९.०७ प्रतिशत शेयर स्वामित्व कायम हुने गरी नयाँ शेयर संरचना लागू भएपश्चात् पनि प्रत्यक्ष अप्रत्यक्ष गरी करीब ९० प्रतिशत शेयर स्वामित्व समेत नेपाल सरकारकै रहने तथा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार महालेखा परीक्षकको परामर्शमा लेखापरीक्षक नियुक्ति हुने परिप्रेक्षमा यस कम्पनीका महत्वपूर्ण रणनैतिक र दीर्घकालिन निर्णयहरु गर्नु पूर्व नेपाल सरकारको अनुमति र स्वीकृतिमा गर्नु पर्ने अवस्था देखिन्छ। कम्पनिले प्रबन्ध सञ्चालक/कार्यकारी प्रमुखको नियुक्ति, सेवा सुविधाको निर्धारण गर्दा तथा प्रवन्धपत्र/नियमावलीमा संशोधन गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिने गरेको देखिएन।

४. अन्य जानकारी (वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकको)

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकका अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो। अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदनबाहेक अध्यक्षको प्रतिवेदन तथा कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) अनुसारका प्रतिवेदनहरु पर्दछन।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो। हामीले गरेको कार्यहरुको आधारमा यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात् सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्ता सारभूत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सुचित गर्नेछौं।

B. & S. Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापनपत्रमा उल्लेख गरिएको छ।

५. वित्तीय विवरणहरूको लागि व्यवस्थापन र शासनसँग सम्बन्धित व्यक्तिहरूको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस जिम्मेवारी अन्तर्गत कम्पनीलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ।

शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो।

६. वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको उत्तरदायित्व

वित्तिय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटीरहित छन् वा छैनन् भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो। उचित आश्वस्तता एक उच्च तहको आश्वासन भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरु अनुरुप लेखनपरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छ भन्ने आश्वस्तता रहँदैन। गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतीहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उपयुक्त अपेक्षा गरिन्छ भन्ने उक्त गलत प्रस्तुतीलाई सारभूत रुपमा गलत प्रस्तुती भनिन्छ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामीले पेशागत विवेक र व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गरेका छौं। यस क्रममा हामीलेः

क) वित्तीय विवरणमा जालसाजी या त्रुटीबाट हुनसक्ने सारभूत गलत प्रस्तुतीहरुका जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागी पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गरेका छौं। मिलीभगत, ठगी, जानाजानी चुक, जानाजान छोड्ने काम, गलत प्रतिनिधित्व या आन्तरिक नियन्त्रण प्रणालीको उल्लंघन समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ।

ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागी लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरेका छौं।

ग) व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्यांकन गरेका छौं।

घ) व्यवस्थापनले प्रयोग गरेका व्यवसायको निरन्तरतामा आधारीत लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानकृष्ट गर्नुपर्दछ वा ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ। हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ। तथापी भविष्यका घटना तथा अवस्थाको कारणले पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

ङ) वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तर्निहित कारोबार एवम् घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गरेका छौं।

B. & S. Associates Chartered Accountants Kathmandu Regd. No. 681

हामीले वित्तीय विवरणउपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य विषयका अतिरिक्त लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपूण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराएका छौं। यस पतिवेदनमा उल्लेखित रायको अतिरिक्त व्यवस्थापनले सुधार गर्नुपर्ने अन्य व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

शासकीय भूमिका वहन गर्नेहरु समकक्ष प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा समेत जानकारी गराएका छौं।

७. अन्य कानुनी तथा नियामक निकायका आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्ध ऐन, २०६३ को आवश्यकता सम्बन्धित प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परिक्षणको आधारमा प्रतिवेदन पेश गर्दाछौं कि:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरण सन्तोषजनक रुपमा प्राप्त गरेका छौं।
ख) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठिकसँग राखिएको छ।
ग) हाम्रो रायमा यो प्रतिवेदनसंग सम्बन्धित आषाढ ३२, २०८२ को वित्तीय अवस्थाका विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन्।
घ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानून विरुद्ध कुनै कामकाज गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन।
ङ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले लेखा सम्बन्धि कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन।

यस लेखापरीक्षण प्रतिवेदन तयार गर्न लेखापरीक्षणमा संलग्न अनुबन्ध साझेदार सि.ए. विवेक अधिकारी हुनुहुन्छ।

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

विवेक अधिकारी, एफ. सि. ए.
साझेदार
बि. एण्ड. एस. एसोसिएट्स,
चार्टर्ड एकाउन्टेन्टस्

UDIN: 251126CA01072CfV8p
मिति २०८२।०८।०५
स्थानः काठमांडौ

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलीसडक, काठमाण्डौ

वित्तीय स्थिति विवरण

२०८२ आषाढ ३२

रकम (रू.) मा

विवरण	टिप्पणी	आ.व २०८१।८२	आ.व २०८०।८१
सम्पत्ति :			
गैह्र चालु सम्पत्ति			
जायजेथा, प्लाण्ट र उपकरण	४.१	८६,४४९,१५३	११२,०६५,४३७
पूँजीकृत अमूर्त सम्पत्ति	४.२	३४,९३२,४०२	५८,४४०,०४१
पूँजीकरण गर्नुपर्ने सम्पत्ति (Capital WIP)	४.३	-	-
स्थगन आयकर सम्पत्ति	४.१६	३०,०५१,३१४	१६,६७५,५१६
कर्मचारी सापटि	४.४	८८,५९३,१४०	२६,००७,२१०
अग्रीम भुक्तानी तथा धरौटी	४.५	२१८,०००	१८,०००
दीर्घकालीन लगानी	४.९	५३४,२१०,७८०	३००,८४०,८१७
जम्मा गैह्र चालु सम्पत्ति		**७७४,४५४,७८९**	**५१४,०४७,०२०**
चालु सम्पत्ति			
अग्रिम भुक्तानी विमा	४.६	१,८८०,३११	१,८३२,४२७
वित्तीय सम्पत्ति			
नगद तथा बैक मौज्दात	४.७	२७,३६३,१३८	६४,६२१,३८०
अग्रीम भुक्तानी, पेश्की तथा पाउनुपर्ने	४.५	२४३,६५१,५८८	२०१,६६५,१०८
अल्पकालीन लगानी	४.८	१,४१०,०००,०००	१,१८०,०००,०००
आयकर सम्पत्ति	४.१०	४७,१११,६६३	१७,२९८,७८७
जम्मा चालु सम्पत्ति		**१,७३०,००६,७०१**	**१,४६५,४१७,७०१**
जम्मा सम्पत्ति		**२,५०४,४६१,४९०**	**१,९७९,४६४,७२१**
पूँजी तथा दायित्व :			
पूँजी			
शेयर पूँजी	४.११	३००,०००,०००	३००,०००,०००
अन्य जगेडा कोष (सञ्चित मुनाफा समेत)	४.१२	१,८४९,१७८,२२८	१,३९६,७११,०३९
कुल पूँजी		**२,१४९,१७८,२२८**	**१,६९६,७११,०३९**
दायित्व :			
गैह्र चालु दायित्व			
व्यवस्था	४.१४		
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने	४.१५		
अवकास सुविधा दायित्व	४.१३	४८,८१३,३०२	३६,२६०,६३७
स्थगन कर दायित्व (खुद)	४.१६		
कुल गैह्र चालु दायित्व		**४८,८१३,३०२**	**३६,२६०,६३७**
चालु दायित्व			
कर्मचारी बोनस व्यवस्था	४.१४	४८,७१९,०६२	२५,३२१,५९५
कर्मचारी बोनस समायोजित तथा अवितरित गत वर्षको	४.१४	१०७,९५८,३६५	९३,१३४,४८८
वित्तीय दायित्व			
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	४.१५	१४९,७९२,५३४	१२८,०३६,९६२
कुल चालु दायित्व		**३०६,४६९,९६०**	**२४६,४९३,०४५**
कुल दायित्व		**३५५,२८३,२६२**	**२८२,७५३,६८२**
जम्मा पूँजी तथा दायित्व		**२,५०४,४६१,४९०**	**१,९७९,४६४,७२१**

संलग्न टिप्पणी १ देखि २२ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

सुनिल गुरूङ्ग
उपप्रबन्धक

प्रविन पन्दाक
प्रबन्ध संचालक/कार्यकारी प्रमुख

बिबेक अधिकारी, एफ.सि.ए
बि. एण्ड. एस. एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सुमन कुमार नेपाल
स्वतन्त्र संचालक

शरद निरौला
संचालक

अशोक गुरागाँई
संचालक

चुडामडी चापागाइ
अध्यक्ष

स्थानः काठमाण्डौं
मितिः २०८२।०८।०५

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलीसडक, काठमाण्डौ

नाफा वा नोक्सान तथा अन्य विस्तृत आयको विवरण

मिति २०८१ साउन १ देखि २०८२ आषाढ ३२ सम्म

रकम (रू.) मा

विवरण	टिप्पणी	आ.व २०८१।८२	आ.व २०८०।८१
आम्दानी :			
संचालन आम्दानी (क)	४.१७	१,२२३,५२७,१७१	७२०,७५८,४९७
अन्य आम्दानी (ख)	४.१८	९८,४०४,८१४	१४३,३९३,२५२
कुल आम्दानी		**१,३२१,९३१,९८५**	**८६४,१५१,७४८**
प्रशासनिक तथा अन्य खर्च			
कर्मचारी खर्च	४.१९	५९,५६२,१४१	५१,८८४,१०२
प्रशासकिय तथा साधारण खर्च	४.२०	८८,६१९,५११	८१,४४२,६११
बैदेशिक मुद्राको कारोवारको नाफा/(नोक्सान)	४.२१	-	-
ह्रास कट्टि खर्च	४.१	२९,७८४,७०२	३१,४३४,९७६
परिशोधन वा अपलेखन खर्च	४.२	२३,५०७,६३८	२४,२४३,३१९
कुल प्रशासनिक तथा अन्य खर्च (ग)		**२०१,४७३,९९२**	**१८९,००५,००८**
आयकर, बोनस तथा असामान्य कारोवार अगाडीको मुनाफा/(नोक्सान) (क+ख+ग)		**१,१२०,४५७,९९३**	**६७५,१४६,७४०**
वित्तीय खर्च			
कर्मचारी बोनस व्यवस्था	४.१४	४८,७१९,०६२	२५,३२१,५९५
कर्मचारी बोनस व्यवस्था गत आ.व. को समायोजित			
आयकर र असामान्य कारोवार अघिको मुनाफा/(नोक्सान)		**१,०७१,७३८,९३१**	**६४९,८२५,१४५**
असामान्य कारोवारबाट नाफा/(नोक्सान)		-	-
आयकर अगाडीको मुनाफा/(नोक्सान)		**१,०७१,७३८,९३१**	**६४९,८२५,१४५**
आयकर खर्चः			
चालु कर खर्च	४.१०	(३२५,५६७,५३६)	(१९८,८६७,४८२)
विगत बर्षको कर			
स्थगन कर आम्दानी/(खर्च)	४.१६	१३,३७५,७९८	७,२३४,०२१
खुद मुनाफा/(नोक्सान)		**७५९,५४७,१९३**	**४५८,१९१,६८४**
अन्य विस्तृत आय			
निश्चित सुविधा योजनाको पुनः मापन समायोजन	४.१३	(४,८५०,२८५)	(४,९३८,१७२)
अन्य विस्तृत आय बाट प्रस्तुत वित्तीय सम्पत्तिको उचित मुल्य (Fair Value) मा मूल्याङ्कनको नाफा/(नोक्सान)		-	-
कुल अन्य विस्तृत आय		**(४,८५०,२८५)**	**(४,९३८,१७२)**
जम्मा विस्तृत आय		**७५४,६९६,९०८**	**४५३,२५३,५१२**
प्रति शेयर आम्दानी	४.२२		
आधारभुत रू. (Basic)		२५३.१८	१५२.७३
मिश्रित रू. (Diluted)		२५३.१८	१५२.७३
आधारभुत प्रति शेयर आम्दानी निकाल्न प्रयोग गरिएको भारित औषत साधारण शेयर			
आधारभुत शेयर (Basic)		३,००० ,०००	३,०००,०००
मिश्रित शेयर (Diluted)		३,०००,०००	३,०००,०००

संलग्न टिप्पणी १ देखि २२ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ्ग
उपप्रबन्धक

प्रविन पन्दाक
प्रबन्ध संचालक/कार्यकारी प्रमुख

बिबेक अधिकारी, एफ.सि.ए
बि.एण्ड.एस. एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सुमन कुमार नेपाल
स्वतन्त्र संचालक

शरद निरौला
संचालक

अशोक गुरागाँई
संचालक

चुडामडी चापागाइ
अध्यक्ष

स्थानः काठमाण्डौ
मितिः २०८२।०८।०५

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

पुतलीसडक, काठमाण्डौ

नगद प्रवाह विवरण (अप्रत्यक्ष विधि)

मिति २०८१ साउन १ देखि २०८२ आषाढ ३२ सम्म

रकम (रू.) मा

विवरण	टिप्पणी	आ.व २०८१।८२	आ.व २०८०।८१
संचालन गतिविधिको नगद प्रवाह			
आयकर, बोनस तथा असामान्य कारोवार अगाडीको मुनाफा/(नोक्सान)		**१,१२०,४५७,९९३**	**६७५,१४६,७४०**
जोड/(घटाउ):			
ह्रास कट्टि खर्च	४.१	२९,७८४,७०२	३१,४३४,९७६
परिशोधन वा अपलेखन खर्च	४.२	२३,५०७,६३८	२४,२४३,३१९
नेपाल वित्तीय प्रतिवेदनमानको ढाँचामा परिवर्तन हुँदाको समायोजन	४.१२	६१,२३९	
अवकास पछिको कर्मचारी सुविधा खर्च (गैह्र नगद)	४.१३	(४,८५०,२८५)	(४,९३८,१७२)
कार्यशील पूँजी परिवर्तन अघिको संचालन गतिविधिको नगद प्रवाह		**१,१६८,९६१,२८७**	**७२५,८८६,८६३**
चालु सम्पत्ति तथा दायित्वमा परिवर्तन			
कमी/(बृद्धि) अग्रिम भुक्तानी	४.६	(४७,८८४)	(२२२,३३७)
कमी/(बृद्धि) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी	४.५	(४२,१८६,४८०)	(२१,९७४,३२०)
कमी/(बृद्धि) अल्पकालीन लगानी	४.८	(२३०,०००,०००)	(१५५,०००,०००)
कमी/(बृद्धि) आयकर सम्पत्ति/(दायित्व)	४.१०	(२९,८१२,८७७)	४४,९२३,६३०
कमी/(बृद्धि) अन्य दायित्व	४.१५	३४,३०८,२३६	३८१,०२६
कमी/(बृद्धि) व्यवस्था	४.१४	३८,२२१,३४४	१४,८२१,७३३
कर्मचारी कर्जा संग सम्बन्धित आम्दानी खर्च (गैह्र नगद)	४.४	(६२,५८५,९३०)	(३,६८५,०३८)
कुल चालु सम्पत्ति तथा दायित्वमा परिवर्तन		**(२९२,१०३,५९१)**	**(१२०,७५५,३०६)**
वित्तीय खर्च		-	-
आयकर खर्च		(३२५,५६७,५३६)	(१९८,८६७,४८२)
गत वर्षको नाफा नोक्सानमा समायोजन			
कर्मचारी सुविधा भुक्तानी	४.१२	-	-
बोनस व्यवस्था	४.१४	(४८,७१९,०६२)	(२५,३२१,५९५)
बोनस व्यवस्था गत आ.व. को समायोजित	४.१४	-	-
संचालन गतिविधिको खुद नगद प्रवाह (क)		**५०२,५७१,०९८**	**३८०,९४२,४८१**
लगानी गतिविधिको नगद प्रवाह			
स्थिर सम्पत्ति बिक्रि	४.१	-	-
स्थिर सम्पत्ति (खरिद)	४.१	(४,१६८,४१७)	(१,८३४,३२९)
अमूर्त सम्पत्ति (खरिद)	४.२	-	(८४३,३००)
पूँजीकरण गरिनुपर्ने सम्पत्ति (खरिद)	४.३	-	-
लगानी गतिविधिको खुद नगद प्रवाह (ख)		**(४,१६८,४१७)**	**(२,६७७,६२९)**
वित्तीय गतिविधिको खुद नगद प्रवाह			
वित्तीय खर्च (लाभांस वितरण)	४.१२	(३००,०००,०००)	(३००,०००,०००)
राफसाफ कोषमा रकमान्तर	४.१२	(२,२९०,९५८)	(४,९८८,३९९)
दीर्घकालिन लगानी	४.९	(२३३,३६९,९६४)	(५३,७९७,३४८)
वित्तीय गतिविधिको खुद नगद प्रवाह (ग)		**(५३५,६६०,९२२)**	**(३५८,७८५,७४७)**
नगद प्रवाहमा भएको कुल वृद्धि र कमी (क+ख+ग)		**(३७,२५८,२४१)**	**१९,४७९,१०४**
वर्षारम्भमा नगद तथा नगद सरहको मौज्दात	४.७	६४,६२१,३८०	४५,१४२,२७५
वर्षान्तमा नगद तथा नगद सरहको मौज्दात	४.७	**२७,३६३,१३८**	**६४,६२१,३८०**

संलग्न टिप्पणी १ देखि २२ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरूङ्ग
उपप्रबन्धक

प्रविन पन्दाक
प्रबन्ध संचालक/कार्यकारी प्रमुख

बिबेक अधिकारी, एफ.सि.ए
बि.एण्ड.एस.एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुमन कुमार नेपाल
स्वतन्त्र संचालक

शरद निरौला
संचालक

अशोक गुरागाँई
संचालक

चुडामडी चापागाइ
अध्यक्ष

स्थानः काठमाण्डौ
मितिः २०८२।०८।०५

सिडिएस एण्ड क्लियरिङ लिमिटेड
पुतली सडक काठमाण्डौ
इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण
मिति २०८१ साउन १ देखि २०८२ आषाढ ३२ सम्म

रकम (रू.) मा

विवरण	शेयर पूँजी	जगेडा कोष					कुल रकम
	साधारण शेयर	सुरक्षित प्रिमियम कोष	संचित मुनाफा	पुनः मुल्याङ्कन कोष	राफसाफ कोष	स्थगन कर कोष	
२०८१ साउन १ पुनः वर्जित शुरू मैज्दात	३००,०००,०००	-	१,२४८,४४५,९२७	-		-	१,५४८,४४५,९२७
असार ३१, २०८१ मा शेयरमा भएको परिवर्तन							-
खुद मुनाफा/(नोक्सान)	-	-	४५८,१९१,६८४	-		-	४५८,१९१,६८४
अन्य व्यापक आय	-	-	(४,९३८,१७२)	-	-	-	(४,९३८,१७२)
कुल रकम	**३००,०००,०००**	**-**	**१,७०१,६९९,४३८**	**-**	**-**	**-**	**२,००१,६९९,४३८**
जारी साधारण शेयर	-	-		-			-
राफसाफ कोषमा रकमान्तर			(७,२७९,३५७)		२,२९०,९५८		(४,९८८,३९९)
स्थगन कर कोषमा रकमान्तर			(१६,६७५,५१६)			१६,६७५,५१६	-
बोनस शेयर जारी (लाभांश)	-	-	(३००,०००,०००)	-		-	(३००,०००,०००)
असार ३१, २०८१ को मौज्दात	**३००,०००,०००**	**-**	**१,३७७,७४४,५६५**	**-**	**२,२९०,९५८**	**१६,६७५,५१६**	**१,६९६,७११,०३९**
साउन १, २०८१ को मौज्दात	**३००,०००,०००**	**-**	**१,३७७,७४४,५६५**	**-**	**२,२९०,९५८**	**१६,६७५,५१६**	**१,६९६,७११,०३९**
राफसाफ कोषमा रकमान्तर	-	-	-		(२,२९०,९५८)		(२,२९०,९५८)
स्थगन कर कोषमा रकमान्तर			१६,६७५,५१६			(१६,६७५,५१६)	-
खुद मुनाफा/(नोक्सान)	-	-	७५९,५४७,१९३	-		-	७५९,५४७,१९३
अन्य व्यापक आय	-	-	(४,८५०,२८५)	-		-	(४,८५०,२८५)
कुल रकम	**३००,०००,०००**	**-**	**२,१४९,११६,९८९**	**-**	**-**	**-**	**२,४४९,११६,९८९**
नेपाल वित्तिय प्रतिवेदनमानको ढाँचामा परिवर्तन हुँदाको समायोजन	-	-	६१,२३९	-		-	६१,२३९
राफसाफ कोषमा रकमान्तर			(१,८९८,८६८)		१,८९८,८६८		-
स्थगन कर कोषमा रकमान्तर			(३०,०५१,३१४)			३०,०५१,३१४	-
लाभांश वितरण २०८१।८२	-	-	(३००,०००,०००)	-		-	(३००,०००,०००)
असाढ ३२, २०८२ को मौज्दात	**३००,०००,०००**	**-**	**१,८१७,२२८,०४६**	**-**	**१,८९८,८६८**	**३०,०५१,३१४**	**२,१४९,१७८,२२८**

संलग्न टिप्पणी १ देखि २२ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन ।

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरूङ्ग
उपप्रबन्धक

प्रविन पन्दाक
प्रबन्ध संचालक/कार्यकारी प्रमुख

बिवेक अधिकारी, एफ.सि.ए
बि.एण्ड.एस.एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सुमन कुमार नेपाल
स्वतन्त्र संचालक

शरद निरौला
संचालक

अशोक गुरागाँई
संचालक

चुडामडी चापागाइ
अध्यक्ष

स्थानः काठमाण्डौ
मितिः २०८२।०८।०५

सामान्य जानकारी :

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित सिमित दायित्व भएको कम्पनी हो । अधिकृत पूँजी प्रति शेयर मूल्य रू.१००।- (एक सय रूपैयाँ) को दरले ५० लाख कित्ताको रू.५० करोड, जारी पूँजी प्रति शेयर मूल्य रू.१००।- (एक सय रूपैयाँ) को दरले ३० लाख कित्ताको रू.३० करोड र चुक्ता पूँजी प्रति शेयर मूल्य रू.१००।- (एक सय रूपैयाँ) को दरले ३०लाख कित्ताको रू.३० करोड रहेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा स्थापना भएको यस कम्पनीको मिति २०८१ पौष २८ गते भएको १४ औं साधारण सभाबाट साविकको शेयर स्वामित्वमा परिवर्तन गरी नेप्सेको रू.१५ करोड २८ लाख (५०.९३ प्रतिशत) र नेपाल सरकारको रू.१४ करोड ७२ लाख (४९.०७ प्रतिशत) भएको छ ।

कम्पनीको मुख्य उद्देश्य धितोपत्रलाई विद्युतीय रूपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा संचालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको संजाल मार्फत् कार्य संचालन गर्नु हो । मिति २०६७ पौष ७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको यस कम्पनीले नेपाल धितोपत्र बोर्डबाट २०६८ भाद ७ गते कारोबार गर्न स्विकृती प्राप्त गरेको थियो । कम्पनीको धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८, धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ गरी २ वटा विनियमावली कारोबार संचालनका प्रमुख आधार रहेका छन् । साथै धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विधुतीय सेवा कार्यसन्चालन निर्देशिका २०७४ समेत रहेका छन । आ.व.२०८०।८१ सम्ममा २४८ वटा निष्काशनकर्ता कम्पनीहरूले धितोपत्र अभौतिकीकरण गराएकोमा आ.व.२०८१।८२ सम्म नयाँ थपिएका तथा केहि गाभिएको हुँदा धितोपत्र अभौतिकीकरण गरिएका कम्पनीहरूको संख्या २५५ रहेका छन् । आ.व.२०७२।७३ माघ १ गते बाट अभौतिकीकरण गराईएका धितोपत्रहरूको कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य पूर्ण रूपमा विद्युतीय माध्यमबाट हुँदै आएको छ । कम्पनीको मुख्य कार्यालय पुतलीसडक, काठमाण्डौमा रहेको छ । कम्पनीको शेयर सुचीकृत छैन । कम्पनीको संलग्न वित्तीय विवरणहरू सञ्चालक समितिबाट मिति २०८२।०८।०५ मा पारित गरिएको छ ।

१. अनुपालनको विवरण तथा लेखा विवरणहरू तयारीका आधारहरू :

२.१. अनुपालनाको विवरण

प्रस्तुत वित्तीय विवरण नेपाल लेखामान बोर्ड (Accounting Standard Board Nepal-ASBN) ले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) को अनुपालना गरी तयार गरिएको छ ।

कम्पनीका वित्तीय विवरणहरू नेपाल लेखामान बोर्डले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को आधारमा तयार गरिएका छन् । यसले International Accounting Standard Board (IASB) ले जारी गरेको International Financial Reporting Standards (IFRS) लाई सम्बोधन गरेको छ । कम्पनीका वित्तीय विवरणहरू अविच्छिन्न सञ्चालन मान्यता (Going Concern) को आधारमा तयार गरिएका छन् । लेखामान र सो सँग सम्बन्धित व्याख्याहरूलाई NFRS शब्दाबलीको रूपमा प्रयोग गरी सम्बन्धित टिप्पणीहरूमा समावेश गरिएको छ । प्रस्तुत वित्तीय विवरणहरू संस्थाले नेपाल वित्तीय प्रतिवेदनमानको पालना गरे पश्चातको वित्तीय विवरण हो । साविकको नेपाल लेखामानबाट नेपाल वित्तीय प्रतिवेदनमानमा स्थानान्तरण हुँदा नेपाल वित्तीय प्रतिवेदनमान १ "First Time Adoptation of NFRS" को व्यवस्था अनुरूप स्थानान्तरण गरिएको छ ।

२.२. लेखा विवरण तयारीको घोषणा (Accounting Pronouncement) :

कम्पनीले आफ्नो वित्तीय विवरणहरू नेपाल लेखामान बोर्डले १३ सेप्टेम्बर, २०१३ मा घोषणा गरेको Accounting Pronouncents हरूसँग मिल्ने गरी तयार गरी आफ्नो लेखा नीतिहरूको आधारमा प्रस्तुत गरेको छ ।

CDSC

B & S Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants

२.३. लेखा विबरण तयारीको तरिका (Accounting Convention):

कम्पनीका वित्तीय विवरणहरू ऐतिहासिक लागत (Historical Cost) अवधारणाको आधारमा तयार गरिएका छन् । तथापी नेपाल वित्तीय प्रतिवेदनमान अनुसार आवश्यक वा स्वीकृति दिएको हद सम्म वित्तीय विवरणका केहि अंश उचित मूल्य (Fair Value) अवधारणा र परिशोधन मूल्य अवधारणा (Amortized Cost) अनुरूप तयार गरी लेखाङ्कन गरिएको छ । उचित मूल्य (Fair Value) अवधारणा अनुरूप तयार गरी लेखाङ्कन गरिएको खण्डमा सो को व्याख्या सोहि खण्डमा गरिएको छ ।

ऐतिहासिक लागत भन्नाले सामान किनबेच वा सेवा प्रदानमा भएको उचित मूल्य दर्शाउँछ ।

मूल्याङ्कन मितिमा बजार सहभागी बीच भएको विशुद्द कारोबारमा कुनै सम्पत्ति बिक्रीमा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्दा लाग्ने रकम नै उचित मूल्य (Fair Value) हो । उचित मूल्य (Fair Value) निर्धारण गर्दा यस कम्पनीले बजार सहभागी बीचको विशुद्द कारोबारमा सम्पत्ति वा दायित्वको विशेषताको उचित अनुमान गर्दछ ।

यसका साथै वित्तीय विवरण प्रस्तुत गर्नको लागि उचित मूल्य (Fair Value) मुल्याङ्कन निम्न बमोजिम वर्गकरण गरिएको छ :

- Level 1 Inputs: मुल्याङ्कन मितिमा सक्रिय बजारमा समान सम्पत्ति वा दायित्व (Identical assets or liabilities) को अंकित मूल्य (समायोजन नगरिएको)
- Level 2 Inputs: सम्पत्ति वा दायित्वको Level 1 मा रहेको अंकित मूल्य बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देखिने Inputs.
- Level 3 Inputs: सम्पत्ति वा दायित्वको नदेखिने Inputs.

परिशोधन मूल्य भन्नाले वित्तीय सम्पति वा दायित्वको त्यो मुल्य हो जसमा प्रारम्भीक लेखांकन मूल्यमा चुक्ता सावाँ रकम घटाई प्रारमभिक (Initial) र अन्तिम (Maturity) मूल्यको फरक रकममा प्रभावकारी व्याज दर प्रयोग गरी आएको सञ्चित परिशोधनलाई थपघट गरि अन्य खर्च (Allowance for impairments or un-collectablity) घटाईन्छ ।

प्रभावकारी व्याज दर विधि भन्नाले वित्तीय सम्पत्ति वा दायित्वको परिशोधन मुल्य गणना गर्ने विधि हो जसानुसार व्याज आम्दानी र खर्च उपयुक्त वर्षहरूमा बराबर दरमा विभाजन गरिन्छ । यसरी प्रभावकारी व्याज दर गर्दा गणना Premium/discount/other integral cost लाई समावेश गरिएको हुन्छ ।

केहि विशेष कारोबार बाहेक कम्पनीका वित्तीय विवरवणहरू प्रोद्‌भाबी आधारमा तयार गरिएका छन् ।

२.४. लेखा अनुमानहरू (Accounting Estimates) :

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार कम्पनीले वित्तीय विवरणहरू तयार गर्दा वित्तीय विवरणहरू तयार गरिएको मिति सम्म कायम सम्पत्ति र दायित्वहरू, सोही मितिसम्म खुलासा गरिएको सम्भावित सम्पत्ति तथा दायित्वहरू तथा सोही अबधिसम्मको मात्र आम्दानी तथा खर्चहरूसँग सम्बन्धित रकमलाई आधार मानी लेखा अनुमानहरू तयार गर्नुपर्ने हुन्छ ।

Accounting Assumptions तथा अनुमानहरूलाई Ongoing Basis आधारमा समिक्षा गर्ने गरिएको छ । लेखा अनुमानहरूको पुर्नविचार गर्दा सोही अवधिको लागि मात्र प्रभाव गर्ने भए सोही अवधिको लागि र भविष्यमा पनि प्रभाव रहने भएमा हाल तथा भविष्यको लागि पनि स्वीकार्य हुने गरी उल्लेख गरिएको छ । लेखा अनुमानहरूको

CDSC

B & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

प्रकृति र प्रभावमा परिवर्तन गरी लागु गरिएको अवस्थामा लेखा टिप्पणीको साथमा त्यस्ता विषेश लेखा अनुमानहरू उल्लेख गरिएको छ ।

२.५. लेखा अवधि :

कम्पनीले आफ्नो वित्तीय विवरण नेपाली आर्थिक वर्ष अनुसार तयार गर्ने गरेका छ । नेपाली आर्थिक वर्ष अनुसार हुने अंग्रेजी क्यालेण्डरको मिति निम्नानुसार छ ।

विवरण	नेपाली क्यालेण्डर अनुसारको मिति/अवधि	अंग्रेजी क्यालेण्डर अनुसारको मिति/अवधि
नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय अवस्थाको तुलनात्मक विवरण मिति	३१ आषाढ २०८१	१५ जुलाई २०२४
नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय अवस्थाको विवरणको मिति	३२ आषाढ २०८२	१६ जुलाई २०२५

२.६. प्रस्तुतीकरण :

आर्थिक अवस्थाको विवरण :

कम्पनीको इक्विटीमा भएको परिवर्तनको विवरण बाहेकको वित्तीय विवरणको प्रस्तुत गर्दा तरलताको आधारमा चालु र अचल सम्पत्ति तथा चालु र अचल दायित्व गरी छुट्टयाई देखाइएको छ । यस्ता सम्पत्ति तथा दायित्वहरुलाई अन्तिम अवधि (Maturity Period) को आधारमा आवश्यकता अनुसार पुनः विभाजन गरी टिप्पणीमा उल्लेख गरिएको छ ।

नाफा नोक्सान विवरण :

नाफा नोक्सान विवरण Classification by Nature सिद्धान्तको आधारमा तयार गरिएको छ । NAS 33 बमोजिम प्रति शेयर आम्दानी रकम नाफा नोक्सान विवरणको अगाडी राखिएको छ ।

नगद प्रवाह विवरण :

नगद प्रवाह विवरण अप्रत्यक्ष विधि (Indirect Method) को प्रयोग गरी तयार गरिएको छ । नगद प्रवाह गतिविधिहरू NAS 07 बमोजिम मुख्यतय निम्न तीन भागमा वर्गिकरण गरिएको छ ।

क. संचालन गतिविधिको नगद प्रवाह

ख. लगानी गतिविधिको नगद प्रवाह

ग. वित्तीय गतिविधिको नगद प्रवाह

इक्विटीमा भएको परिवर्तनको विवरण :

इक्विटीको प्रत्येक भागको खुलासा गरी इक्विटीमा भएको परिवर्तनको विवरण तयार गरिएको छ । साविकको नेपाल लेखामानबाट नेपाल वित्तीय प्रतिवेदनमानमा स्थानान्तरण हुँदा इक्विटीमा भएको असरलाई स्थानान्तरण जगेडा (NFRS Transition Reserve) भनि प्रथम पटकको वित्तीय अवस्थाको विवरणमा समायोजन र खुलासा गरिएको छ ।

B. & S. Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants

CDSC

२.७. प्रस्तुतिकरण मुद्रा (**Presentation Currency**) :

कम्पनीका वित्तीय विवरणहरू चलनचल्तिको कारोवार मुद्रा (नेपाली रूपैयाँ) मा प्रस्तुत गरिएको छ । दशमलब पछिका अंकहरूलाई नजिकको रूपैयाँमा समायोजन गरी वित्तीय विवरणहरू नेपाली रूपैयाँमा (Nepales Rupees, NPR) मा प्रस्तुत गरिएको छ ।

२.८. पुनः वर्गीकरण

अघिल्लो वर्षको आँकडाहरू तुलना गर्ने प्रायोजनको लागि आवश्यकता अनुसार खुलासा (Disclosure) सहित पुनः वर्गीकरण गरिएको छ ।

२.९. छुट दर (**Discounting Rate**) :

कम्पनीले विविध पक्षहरू माथि विचार गरी नगद प्रवाहमा प्रयोग हुने Discounting Rate निर्धारण गरेको छ । सामान्यतया यस्तो छुटको दर निकाल्नको लागि Capital Assets Pricing Model (CAPM) प्रयोग गरिन्छ । सम्पत्तिको क्षयिकरण (Impairment of Assets) को निर्धारण गर्दा समेत छुटको दरलाई प्रयोग गरिएको छ ।

कम्पनीको कुनै पनि दीर्घकालिन ऋण नभएमा पूँजीको भारित औसत (Weighted Average) लागत हुन्छ । आसीत प्रतिफलको दर (Expected Rate of Return) निर्धारणमा CAPM को प्रयोगका Beta आवश्यक हुन्छ । यो कम्पनी सुचीकृत नभएको कारण Beta को प्रयोग हुन सक्दैन । यस कारण Discounting Rate प्रयोजनको लागि CAPM को प्रयोग गरिएको छैन ।

वित्तीय विवरणहरूमा Discounting Rate निर्धारण गर्दा वित्तीय उपकरणको अवधि र मुख्य कम्पनीले प्रयोग गर्ने Discounting Rate संग मिल्ने ब्याज दरको प्रयोग गरिएको छ । यसरी निर्धारण हुन आएको Discounting Rate ५.१९ प्रतिशतले कर्मचारी कर्जासँग सम्बन्धित नगद प्रवाहलाई Discounting गरी कर्मचारी कर्जासँग सम्बन्धित उचित मूल्य (Fair Value) निर्धारिण गरिएको छ ।

२.१०. नेपाल वित्तीय प्रतिवेदनमान परिपालनमा सिमाहरू

सूचनाहरू उपलब्ध नभएका अवस्थामा सूचनाहरू प्राप्त गर्न लाग्ने लागत प्राप्त हुने लाभ भन्दा बढी हुने अवस्थामा नेपाल वित्तीय प्रतिवेदनमान परिपालनमा समस्याहरू सँगका त्यस्ता अपवादहरूलाई सम्बन्धित खण्डहरूमा समावेश गरिएका छन् ।

३. प्रमुख लेखा नीति

३.१ जायजेथा, प्लाण्ट र उपकरण:

जायजेथा, प्लाण्ट र उपकरणहरूलाई तिनीहरूको सम्पूर्ण खर्चबाट सञ्चित ह्रास तथा सञ्चित क्षयीकरण घाटा (Impairment Loss) घटाई आएको लागत मूल्यमा कम्पनीको वित्तीय स्थितिको विवरणमा देखिइएको छ । कम्पनीले आफ्नो नियन्त्रणमा भएको र भविश्यमा कम्पनीलाई आर्थिक लाभ प्रदान गर्ने प्रवल सम्भावना भएका तथा लागत मूल्यलाई सजिलै मापन गर्न सकिने सम्पत्तिहरूको पहिचान गरी लेखांकन गर्दछ ।

जायजेथा, प्लाण्ट र उपकरणहरू को ह्रासकट्टी अवधि सम्पत्तिको प्रयोगयोग्य अवधिको आधारमा गरिन्छ । ह्रासकट्टी गर्दा सम्पत्ति प्राप्त गरिएको वर्षदेखि समदरमा गर्ने गरिन्छ । बाँकी मूल्य, प्रयोग योग्य अवधि र ह्रासकट्टी दर कम्तिमा प्रत्येक वर्षान्तमा पुनारावलोकन गरिएको छ । कुनै अनुमानहरूको फरकहरूलाई NAS ८ अनुसार लेखांकन गरिएको छ ।

खरिद मूल्य बाहेक सम्पत्तिहरूलाई तिनीहरूको स्थानसम्म पुऱ्याउन र सञ्चालन क्षमतायोग्य बनाउन लागेको खर्चहरूलाई सम्पत्तिको मुल्यमा नै समावेश गरिएको छ । फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरू

B. & S. Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants
CDSC

जडित प्लाण्ट र उपकरणहरूको हकमा त्यस्ता पार्टपुर्जाहरूको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रासकट्टी गरिएको छ । NAS-१६ ले सम्बोधन नगर्ने खर्चहरूलाई सम्बन्धित अवधिमै खर्च लेखिएको छ ।

विस्थापित भएका, मर्मत गरी सञ्चालन गर्न नसकिने गरि बिग्रिएका तथा मूल्य नगन्य भई अप्रचलित अवस्थाका सम्पत्तिहरूलाई पहिचान भएको अवधिबाटै कम्पनिको सम्पत्ति शिर्षकबाट हटाइएको छ । जायजेथा, प्लाण्ट र उपकरणहरूको कुनै एकाइको निसर्ग मुल्य र तिनिहरूको खुद कितावी मूल्य बीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरू विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानि कम्पनीको नाफा नोक्सान विवरणमा देखाईएको छ ।

ह्रास कट्टी

जग्गा जमिन बाहेक अन्य सम्पत्तिहरूलाई तिनीहरूको प्रयोगयोग्य अवधि अनुसार समदर विधिको आधारमा ह्रास कट्टी गरिएको छ । बाँकी मूल्य, सम्पत्तिहरूको प्रयोगयोग्य अवधि र ह्रासकट्टी विधिहरूलाई हरेक आर्थिक वर्षको अन्त्यमा पुनरावलोकन गरिएको छ । प्रयोग योग्य अवधिमा कुनै परिवर्तन भएको पाईएमा परिवर्तित प्रयोग योग्य अवधिलाई NAS ८ अनुसार परिमार्जित गरि लेखांकन गरिएको छ । सम्पत्तिको प्रयोगयोग्य अवधि खण्ड ४.१ मा वर्गिकरण गरि देखाइएको छ ।

फरक फरक प्रयोग योग्य अवधि भएका पार्टपुर्जाहरू जडित प्लाण्ट र उपकरणहरूको हकमा त्यस्ता पार्टपुर्जाहरूको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ ।

De-recognition

जायजेथा, प्लाण्ट र उपकरणहरूको कुनै एकाइको खुद निसर्ग मूल्य र तिनीहरूको खुद कितावी मूल्य बीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरू विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ ।

३.१.१ प्रयोगयोग्य अवधि

सम्पत्तिको प्रयोगयोग्य अवधिलाई वर्गिकरण गरी समदर ह्रासकट्टी विधि अनुसार गरिने ह्रासकट्टी दर निम्नानुसारको प्रयोगयोग्य अवधिको आधारमा निकालीएको छ :

जायजेथा, प्लाण्ट र उपकरण	प्रयोगयोग्य अवधि (वर्षमा)
अफिस फर्निचर	८
अफिस सरसामान	५
कम्प्युटर तथा प्रिन्टर	५
कम्प्युटर हार्डवेयर (डि.आर साईट)	५
सवारी साधन	५
कार्यालय भौतिक संरचना निर्माण लिज अवधि	६.५

३.१.२ जायजेथा, प्लाण्ट र उपकरणको क्षयिकरण (Impairment of Property, Plant and Equipment)

३.१.२.१ क्षयिकरणको प्रयोगः

जायजेथा, प्लाण्ट र उपकरण को कुनै एकाइमा भएको क्षयिकरण त्यसको खुद कितावी मूल्य र पुनः प्राप्त गर्न सकिने मूल्य (Recoverable Amount) बीचको फरकको रूपमा पहिचान गरिएको छ । कुनै सम्पत्तिको खास एकाइले स्वतन्त्र रूपमा नगद प्रवाह गर्दैन भने पुनः प्राप्त गर्न सकिने मूल्यलाई त्यस्तै समूहमा रहेका नगद

CDSC

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

उत्पादन गर्ने एकाइ (Cash Genrating Units) हरूको आधारमा निर्धारण गरिएको छ । कम्पनीको प्रत्येक प्रक्षेपण मितिमा कुनै सम्पतिमा क्षयिकरण गर्नुपर्ने देखिएको अवस्थामा सोको निर्धारण गरी पुनः प्राप्त गर्न सकिने मूल्य समेत निश्चित गरिएको छ । नगद उत्पादन गर्ने एकाइहरूको पुनः प्राप्त गर्न सकिने मूल्य, उचित मूल्यमा निसर्ग गर्न लाग्ने लागत घटाइ आउने मूल्य र प्रयोगमा आएको मूल्य (Value in use) मध्ये जुन बढि हुन्छ, सोहीलाई कायम गरिएको छ । बजार मूल्यको आधारमा निर्धारण गर्न नसकिने अवस्थामा यस्तो छुट सहितको नगद प्रवाह (Discounted Cash Flow) को आधारमा गरिन्छ । नगद प्रवाह गणना, विगतको प्रवृति तथा बाह्य सूचनाको आधारमा गरिएको छ । सम्पत्ति वा नगद उत्पादन गर्ने एकाइहरूमा हुने विशेष जोखिम देखाउनको लागी उपयुक्त छुटको दरको प्रयोग गरिएको छ ।

३.१.२.२ क्षयिकरणको संकेत:

सम्पत्तिमा क्षयिकरण गर्नुपर्ने पहिचान भएका प्रत्येक नगद उत्पादन गर्ने एकाइको क्षतिको गणना गर्दा नगद प्रवाह गराउने नगद उत्पादन गर्ने एकाइको खुद कितावी मूल्य र पुनः प्राप्त गर्न सकिने मूल्य बीच तुलना गर्ने गरेको छ ।

३.१.२.३ क्षयिकरण भएको मूल्य:

यस आ.व. मा कुनै पनि सम्पत्ति वा नगद उत्पादन गर्ने एकाइहरूको क्षयिकरण पहिचान नभएकाले क्षयिकरण भएको मूल्यको गणना गरिएको छैन ।

३.२ अमूर्त सम्पत्ति :

निश्चित प्रयोग अवधि (Useful Lives) भएका अमूर्त सम्पत्तिहरूलाई प्राप्त हुँदाको लागत मूल्य (Acquisition Cost) बाट सञ्चित प्रतिशोधन मूल्य तथा सञ्चित क्षयिकरण घाटा घटाएर निर्धारण गरिएको छ ।

सम्पत्तिको प्रयोगयोग्य जीवन अवधि र प्रतिशोधन विधि कम्पनीले हरेक वर्ष पुनरावलोकन गर्ने गरेको छ । सम्पत्तिको अनुमानित प्रयोग अवधि तथा सम्पत्तिबाट भविष्यमा हुने आर्थिक लाभको उपभोग लाई NAS ०८ ले औल्याएको विधिसँग उपयुक्त हुने गरी प्रतिशोधन अवधि र विधिमा परिवर्तन गरी लेखांकन गरिनुको साथै सोही

अनुसार नै लेखा अनुमानहरूमा पनि परिवर्तन गरिएको छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.२ मा उल्लेख गरिएको छ ।

कम्पनिको वित्तीय विवरणमा उल्लेख भएको अदृष्य सम्पत्ति कम्प्युटर सफ्टवेयर रहेको र यसको प्रयोगयोग्य जीवन अवधि ५ वर्ष निर्धारण गरिएको छ । अदृष्य सम्पत्तिलाई समदर विधिमा प्रतिशोधन गरिएको छ । प्रतिशोधनको दर निम्नानुसारको प्रयोगयोग्य अवधिको आधारमा निकालिएको छ :

अमुर्त सम्पत्ति	प्रयोगयोग्य अवधि (वर्षमा)
कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर (कास)	५
सफ्टवेयर (केन्द्रिय निक्षेप तथा राफसाफ)	५
सफट्वेयर (लेखा सम्बन्धी)	५
BOID सफ्टवेयर निर्माण	५

CDSC

B. & S. Associates
Chartered Accountants
Kathmandu
Regd. No. 681

३.३ पूँजीकरण गरिनुपर्ने सम्पत्ति :

निर्माणधिन सम्पत्तिलाई प्रयोगमा आउनु भन्दा अगाडिको अवधि सम्म पूँजीकरण गरिनुपर्ने सम्पत्तिमा वर्गिकरण गरिएको छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.३ मा उल्लेख गरिएको छ ।

३.४.वित्तीय उपकरणः

वित्तीय उपकरणहरू NFRS 9, NAS 32 र NAS 39 को अवधारणामा आधारित रहि वित्तीय सम्पत्ति र वित्तीय दायित्वमा वर्गीकरण गरिएको छ ।

३.४.१ वित्तीय सम्पत्तिहरूः

वित्तीय सम्पत्तिहरू यस्ता सम्पत्तिहरू हुन जो:

(क) नगद

(ख) अन्य निकायको वित्तीय उपकरणहरू

(ग) निम्न बमोजिमको कराररयोग्य अधिकारः

- नगद वा अन्य निकायको अन्य वित्तीय सम्पत्ति प्राप्त गर्ने
- निकायलाई सम्भावित लाभदायी स्थितीमा अन्य निकाय संग वित्तीय सम्पत्ति वा वित्तीय दायित्व साटने

(घ) निकायको आफ्नो वित्तीय उपकरणहरूमा मिलान गरिने वा मिलान गर्न सकिने करार:

- Non Derivative जसका लागी अस्थिर संख्याको आफ्नै वित्तीय उपकरणहरू पाउन निकाय स्वयमलाई बाध्य गर्न सकिन्छ वा गरीन्छ ।
- Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तीय सम्पत्तिमा साटने बाहेक अन्य तरिकाले मिलान मिलान हुनसक्छ वा गरिन्छ ।

वित्तीय सम्पत्तिहरू NFRS 9 र NAS 39 को अवधारणमा आधारित रहि निम्न समूहमा वर्गीकरण गरिएको छ ।

१. नाफा नोक्सान हिसाव वाट उचित मूल्य (Designated At Fair Value Through Profit or Loss)
२. भुक्तानी अवधि सम्म राखिएको (Held to Maturity)
३. सापटि तथा भुक्तानी पाउनुपर्ने (Loans & Receivables) र
४. बिक्रिका लागी उपलब्ध (Available for Sale)

निकायको वित्तीय सम्पत्तिमा निम्न अनुसारको सम्पत्तिहरू पर्दछनः

क) कर्मचारी सापटी

ख) नगद तथा बैंक मौज्दात

ग) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी

घ) अल्पकालीन लगानी

ङ) आयकर सम्पत्ति

क) कर्मचारी सापटी

कर्मचारीलाई कर्मचारी विनियमावली तथा कम्पनि सञ्चालक समितिको निर्णय अनुसार प्रदान गरिएको कर्जालाई प्रतिशोधन मूल्यमा लेखांकन गरिएको छ । कर्मचारी कर्जाबाट हुने नगद प्रवाहलाई Risk Free Rate (सो उपकरणको अवधिको प्रचलित दर) प्रयोग गरी Discount गरी शुरूको प्रतिशोधन मूल्य (Fair Value) गणना गरिएको छ । कर्मचारी कर्जाको उचित मूल्य र अंकित मूल्य बीचको फरकलाई Deferred Cost (स्थगन खर्चः कर्मचारी कर्जासँग सम्बन्धित) को रूपमा लेखांकन गरिएको छ । हरेक वर्ष कर्जाको उचित मुल्य मा Risk Free Rate लगाई व्याज आम्दानी लेखांकन गरिएको छ । हरेक वर्ष प्राप्त हुने नगद व्याज आम्दानी तथा उचित मूल्य

व्याज आम्दानी बीचको फरकलाई Deferred Cost खाता क्रेडिट गरी कर्मचारी खर्चको रूपमा लेखांकन गरिएको छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.४ मा उल्लेख गरिएको छ ।

जोखिम तथा क्षयिकरण:
यस्तो लगानी कर्मचारीलाई गरिएको लगानी भएकाले कर्जा जोखिम रहँदैन । तसर्थ यस्तो कर्जामा क्षयिकरण हुँदैन भन्नेमा व्यवस्थापन विश्वस्त छ ।

ख) नगद तथा बैंक मौज्दात

नगद तथा बैंक मौज्दातहरूको वास्तविक रूपमा तीन महिनाभन्दा कम भुक्तानीहुने अवधि हुने र कम्पनीको यस्ता नगद र बैंक मौज्दातहरू उचित मूल्य निकट रहेको र अधिकांश कम्पनीका यस्ता नगद वा सो सरहका सम्पत्तिहरूमा जोखिम रहित Call Deposits र तुरून्त नगदमा परिवर्तन गर्न सकिने अधिकतम तरल लगानीहरू रहेका छन् । नगद तथा चेकहरू पनि यस अन्तर्गत पर्दछन् । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.७ मा उल्लेख गरिएको छ ।

जोखिम तथा क्षयिकरण:
बैंक तथा नगद मौज्दातमा मुख्य रूपमा Time Value of Money र Inflationary Devaluation जस्ता जोखिम रहन्छन् जुन जोखिमलाई बैंकबाट प्राप्त ब्याजले सन्तुलन गर्न सकेको देखिदैन ।

ग) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी :

अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.५ र ४.६ मा उल्लेख गरिएको छ ।

जोखिम तथा क्षयिकरण:
कम्पनीले अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीहरूको जोखिम नजिक बाट नियाल्ने गर्ने गरेको छ । विगत अनुभवलाई दृष्टिगत गर्दा यस्ता प्राप्तिहरूमा हाल सम्म कुनै जोखिम व्यहोर्नुपर्ने देखिदैन ।

घ) अल्पकालीन लगानी बैंक (मुद्दती) निक्षेप लगानी):

कम्पनिको नाममा नेपालका बैंकहरूमा मुद्दती निक्षेपहरू रहेका छन् । यस्ता निक्षेपहरूको भुक्तानी हुने अवधि एक वर्षभन्दा कम रहेको छ र तोकिएको दरमा व्याज प्राप्त हुने गर्दछ । व्याजको दर सम्झौताका शर्त अनुसार फरक फरक रहेका छन् । बैंक निक्षेप लगानीहरूलाई NFRS 9 अनुसार त्यसको Maturity Period/Effective Interest Rate को प्रयोग गरी At Amortized Cost मा वर्गिकृत गरिएको छ । यस्ता निक्षेपहरू सावाँ तथा भुक्तानी प्राप्त गरी फरकफरक गरिने हुँदा यसमा अन्य लागत, प्रिमियम वा छुट समावेश नभएका कारण Intrinsic Coupon Rate लाई नै व्याजदर को रूपमा लिइएको लिइएको छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.८ मा उल्लेख गरिएको छ । यसै गरी दीर्घकालीन लगानी अन्तर्गत १ वर्ष भन्दा बढी समयको लागि भएको डिवेन्चर तथा नागरिक लगानी कोषमा जम्मा गरेको कर्मचारी उपदान रकम रहेको छ । विवरणको टिप्पणी ४.९ मा उल्लेख गरिएको छ ।

क्षयिकरण तथा जोखिम:
बैंक जम्मा रकममा क्षयिकरणको सम्भावना रहेको देखिदैन । सबै रकमहरू नेपालको बैंकहरूमा जम्मा गरिएको र ती बैंकहरूलाई नेपाल राष्ट्र बैंकले नजिकबाट नियमन गर्ने हुँदा जोखिमको सम्भावना देखिदैन ।

CDSC

CChapagain

S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

ङ) **आयकर सम्पत्ति**

आयकर सम्पत्तिलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धि विवरण यसै वित्तीय विवरणको टिप्पणी ४.१० मा उल्लेख गरिएको छ ।

क्षयिकरण तथा जोखिमः

आयकर सम्पत्तिको क्षयिकरण र जोखिमको सम्भावना देखिदैन ।

३.४.२ वित्तीय दायित्वहरूः

वित्तीय दायित्वहरू यस्ता दायित्वहरू हुन जो :

(क) निम्न बमोजिमको कराऱयोग्य अधिकार दायित्व हो :

- नगद वा अन्य निकायको अन्य वित्तीय सम्पत्ति भुक्तानी गर्ने
- निकायलाई सम्भावित घाटा हुने वा लाभदायी नहुने स्थितीमा अन्य निकाय संग वित्तीय सम्पत्ति वा वित्तीय दायित्व साट्ने

(ख) निकायको आफ्नो वित्तीय उपकरणहरूमा मिलान गरीने वा मिलान गर्न सकिने करार:

- Non Derivative जसका लागी निकाय अस्थिर संख्याको आफ्नै वित्तीय उपकरणहरू भुक्तानी गर्न निकाय स्वयम बाध्य हुन्छ वा हुनसक्छ ।
- Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तीय सम्पत्तिमा साटने बाहेक अन्य तरिकाले मिलान हुनसक्छ वा गरिन्छ ।

वित्तीय दायित्वहरू NFRS 9 र NAS 39 को अवधारणमा आधारित रहि निम्न समूहमा वर्गीकरण गरिएको छ ।

१. नाफा नोक्सान हिसाव वाट उचित मूल्य (Designated at Fair Value Through Profit or Loss)
२. परिशोधन मूल्यमा भुक्तानी अवधि सम्म राखिएको (Held to Maturity at Amortized Cost)

निकायको वित्तीय दायित्वमा निम्न अनुसारको दायित्वहरू पर्दछनः

क) व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम

ख) अवकास सुविधा दायित्व

ग) आयकर दायित्व

क) व्यापारीक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम

व्यापारीक तथा अन्य भुक्तानीबाट हुने नगद प्रवाहलाई Risk Free Rate (सो उपकरणको अवधिको प्रचलित दर) प्रयोग गरी Discount गरी शुरूको प्रतिशोधन मूल्य (Fair Value) गणना गरिएको छ ।

ख) अवकास सुविधा दायित्व

कर्मचारी अवकास सुविधा अन्तर्गतका सुविधाहरू कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको आधारमा NAS 19 अनुसार Actuarial Valuation Assumptions को आधारमा गणना गरिएको छ ।

ग) आयकर दायित्व

संस्थाको नाफा नोक्सान खातामा देखिने आयकर खर्च संस्थाले तत्काल बहन गर्नुपर्ने आयकर दायित्व र स्थगन गरिएको आयकर बापत आम्दानी/खर्चको योग हो ।

तत्काल बहन गर्नुपर्ने आयकर दायित्व

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

तत्काल बहन गर्नुपर्ने आयकर दायित्व सम्बन्धित आ.व को करयोग्य मुनाफाले निर्धारण गर्दछ । प्रचलित आयकर कानुन तथा लेखा अभ्यासमा रहेको भिन्नताको कारणले कम्पनीको मुनाफा निर्धारण गर्दा संलग्न खर्च तथा आम्दानी मध्ये कतिपय खर्च तथा आम्दानीहरू कर प्रयोजनको लागि कुनै अर्को आर्थिक वर्षमा

संलग्न गरिने तथा कतिपय खर्च तथा आम्दानीहरू कर प्रायोजनका लागि संलग्न नै नगरिने कारणले कम्पनीको नाफा नोक्सान हिसाबले देखाएको खुद मुनाफा र करयोग्य मुनाफा फरक पर्न सक्दछ ।

कम्पनीले तत्काल बहन गर्नुपर्ने आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम गणना गरिएको करयोग्य आयमा वैधानिक आयकर दर लगाई गणना गर्ने नीति लिइएको छ ।

स्थगन कर

सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गरिन्छ ।

सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नता (Taxable Temporary Differences) मा गणना गरिन्छ । कट्टियोग्य अस्थायी भिन्नता (Deductible Temporary Differences) को Set off को लागि करयोग्य आय उपलब्ध हुनसक्ने सम्भावना रहेमा कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गरिन्छ । सम्पत्ति तथा दायित्वको प्रारम्भीक लेखाङ्कनले करयोग्य मुनाफामा कुनै प्रभाव नपार्ने भएमा स्थगन कर गणना गरिदैन तर व्यवसाय गाभिएको कारण त्यस्ता सम्पत्ति तथा दायित्वको प्रारम्भिक लेखाङ्कन भएमा स्थगन कर गणना गरिन्छ । त्यस्तै, ख्यातिको प्रारम्भिक लेखाङ्कनमा समेत स्थगन कर गणना गरिदैन ।

स्थगन कर गणना गर्दा त्यस्ता आस्थायी फरकहरू खपत हुने वा मुक्त हुने आ.वा.मा प्रभाव हुने करको दर प्रयोग गरिन्छ । करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गरिन्छ ।

यस कम्पनीमा मुख्यत कर्मचारी अवकाश दायित्वको व्यवस्था तथा स्थिर सम्पत्तिको अस्थायी भिन्नताको कारण स्थगन कर सिर्जना हुन आउँछ ।

घ) अन्य वित्तीय दायित्व

अन्य वित्तीय दायित्वहरू उचित मूल्य (Fair Value) को अवधारणामा आधारित रहि ऐतिहासिक लागतमा लेखांकन गरिएको छ ।

३.५ आम्दानीको लेखांकन

३.५.१ कार्य संचालन आम्दानी

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (छैंटौ संसोधन, २०७७) तथा राफसाफ तथा फछ्र्यौट सम्बन्धी विनियमावली २०६९ (तेस्रो संसोधन, २०७३), साथै धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विधुतीय सेवा कार्यसन्चालन निर्देशिका २०७४ मा निर्धारण गरिएका शुल्क तथा दस्तुरहरू (निक्षेप सदस्य दर्ता तथा वार्षिक शुल्क, निष्काशनकर्ता दर्ता शुल्क, सफ्टवेयर जडान तथा मर्मत शुल्क, हितग्राही खाता खोल्ने शुल्क, राफसाफ सदस्यता शुल्क) साथै राफसाफ तथा फछ्र्यौट कमिशन वापत प्राप्त आयलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ ।

CDSC

B. & S. Associates Kathmandu Regd. No. 681 Chartered Accountants

३.५.२ अन्य आम्दानी

अन्य विविध आयलाई रकम प्राप्त गर्ने आधार एकिन हुन नसक्ने अवस्थामा नगद प्राप्ति भएको आधारमा साथै बैंक निक्षेप वापत प्राप्त ब्याज आयलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ ।

३.६ खर्चको लेखांकन

३.६.१ कर्मचारी खर्च

कर्मचारी खर्च अन्तर्गत अल्पकालीन कर्मचारी सुविधा, सेवानिवृत्ति पश्चातको कर्मचारी सुविधा, अन्य दीर्घकालीन कर्मचारी सुविधा र सेवा समाप्तिको बखत प्रदान गर्ने सुविधाहरू पर्दछन् ।

३.६.१.१ अल्पकालीन कर्मचारी सुविधा

अल्पकालिन कर्मचारी सुविधा अन्तर्गत कर्मचारीले सेवा पुऱ्याएको अवधि वा सो पश्चात १२ महिनाको अवधिभित्र फछ्यौट हुने सुविधाहरू (जस्तैः तलब, भत्ता आदि) पर्दछन् ।

अल्पकालीन कर्मचारी सुविधालाई प्रोदभावी आधारमा खर्च लेखांकन गर्ने नीति लिइएको छ । पाकेको तर तिर्न बाँकी सुविधा बापतको भुक्तानीलाई दायित्वको रूपमा देखाईएको छ ।

३.६.१.२ सेवानिबृत पश्चातको कर्मचारी सुविधा

यस्ता सुविधा अन्तर्गत निश्चित योगदान योजना (Defined Contribution Plan) तथा निश्चित सुविधा योजनाहरू (Defined Benefit Plan) पर्दछन् ।

निश्चित योगदान योजना अन्तर्गत निकायले निश्चित रकम कर्मचारी अवकास सुविधा कोषमा जम्मा गरे पश्चात निकायको कानुनी तथा रचनात्मक (Consructive) दायित्व फछ्यौट हुने खालका सुविधाहरू पर्दछन् । संस्थाले प्रदान गर्ने सेवानिबृत्ति पश्चातको कर्मचारी सुविधामध्ये कर्मचारी सञ्चयकोष योगदान निश्चित योगदान योजनाको चरित्र सँग मिल्दछ । यस्तो सुविधालाई कम्पनीले यस वर्षको वित्तीय विवरणमा प्रोदभाबी आधारमा खर्च लेखांकन गरेको छ ।

कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली अनुसार कर्मचारी सञ्चयकोष योगदान बापत संस्थाले कर्मचारीको तलबमानको १० प्रतिशत रकम थप गरी कर्मचारीबाट सोही रकम कट्टा गरी स्वीकृत अवकास कोषमा जम्मा गर्ने नीति लिएको छ ।

निश्चित सुविधा योजना अन्तर्गत अवकासको बखत प्रदान गरिने सुविधा स्पष्ट भएको तर सुविधा बापत भुक्तान गरिने रकमको यकिन अवकास पाउने कर्मचारीले प्राप्त गर्ने अन्तिम तलबमानमा आधारित हुने सुविधाहरू पर्दछन्

। यस्ता सुविधाहरूमा एक्चुरियल जोखिम (सुविधाको मूल्य सोचे भन्दा बढि पर्न सक्ने) तथा जोखिमहरू हुन सक्छन् ।

कम्पनीको विनियमावलीले तोकेको आधारमा कम्पनीको कर्मचारीमध्ये सेवा निवृत हुँदा प्रदान गरिने देहाय बमोजिमका सुविधाहरू निश्चित सुविधा योजना अन्तर्गत पर्दछन् ।

क) कर्मचारी उपदान व्यवस्था

सेवाबाट अवकास प्राप्त गरेपछि कर्मचारीहरूलाई भुक्तानी गर्नुपर्ने उपदान रकमको निमित्त कर्मचारीहरूको सेवा अवधि तथा कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको आधारमा उपदान रकमलाई लेखांकन गरिएको छ ।

CChapagain

B. & A. Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants

यस्तो लेखांकन NAS 19 अनुसार Actuarial Valuation Assumptions को आधारमा गरिएको छ । यस सम्बन्धी थप खुलासा टिप्पणी ४.१३ मा गरिएको छ ।

ख) बिदाबापतको रकमको व्यवस्था

कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली बमोजिम सञ्चित हुने घरविदा तथा विरामी बिदा बापतको रकमलाई Actuarial Valuation Assumptions को आधारमा व्यवस्था गरिएको छ । यस सम्बन्धी थप खुलासा टिप्पणी ४.१३ मा गरिएको छ ।

३.६.१.३ अन्य दीर्घकालीन कर्मचारी सुविधा

दीर्घकालीन कर्मचारी सुविधाअन्तर्गत लामो अवधिको बिदा, लामो अवधिको अशक्तता सुविधा लगायत पर्दछन् । संस्थाले प्रदान गर्ने यस्ता सुविधाहरूको लेखांकन एक्चुरियल मूल्यांकनको आधारमा गर्ने नीति लिएको छ ।

३.६.१.४ सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरू

संस्थाले सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरू बापतको खर्च तथा दायित्वहरू देहायका मध्ये अघिल्लो मितिमा लेखांकन गर्ने नीति लिएको छ :

- कम्पनीले कर्मचारीको सेवा समाप्तिको लागि गरेको प्रस्ताव फिर्ता लिन सक्ने अवस्था नरहेमा, वा कम्पनी पुनर्संरचनाको लागि गर्ने खर्च नेपाल लेखामान ३७ को दायरा भित्र रहेको र सेवा समाप्तिको बखत भुक्तानी संलग्न रहेको ।

३.६.२ प्रशासकीय तथा साधारण खर्च

कम्पनीको सञ्चालन खर्च अन्तर्गत आ.व. २०८१/८२ मा कार्य सञ्चालनका लागि भएका खर्चहरू रहन्छन् । यस्ता खर्चलाई प्रोदभावी आधारमा लेखांकन गरिएको छ ।

३.६.३ कर्मचारी बोनस खर्चको लागी व्यवस्था

बोनस ऐन, २०३० बोनस नियमावली २०३९ को नियम अनुसार आ.व.२०८१/८२ मा आयकर अघि खुद नाफाको ५ प्रतिशत रकम कर्मचारी बोनस वापत छुट्याई खर्च लेखांकन गरिएको छ ।

B. & S. Associates
Kathmandu
Regd. No. 681
Chartered Accountants

४. लेखा सम्बन्धि टिप्पणीहरू

टिप्पणी ४.१ जायजेथा, प्लाण्ट र उपकरणको क्षयिकरण (Impairment of Property, Plant and Equipment)
असार ३२, २०८२ को जायजेथा, प्लाण्ट र उपकरणको परल मूल्यमा भएको परिवर्तन

